
# लेखापरीक्षण प्रतिवेदन
# दार्चुला
## २०७२।७३




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

## विषय सूची

| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द | ३ |
| | ३.२. जिल्ला कृषि विकास कार्यालय | ३ |
| | ३.३. जिल्ला विकास समितिको कार्यालय | ४ |
| | ३.४. जिल्ला शिक्षा कार्यालय | १६ |
| | ३.५. जिल्ला स्वास्थ्य कार्यालय | १८ |
| | ३.६. दार्चुला टिङ्कर सडक योजना | २१ |
| | ३.७. महाकाली नदी नियन्त्रण आयोजना | २४ |
| ४ | आन्तरिक लेखापरीक्षण | २७ |
| अनुसूची १ : लेखापरीक्षण गरीएका कार्यालय र लेखापरीक्षण अङ्क | | २८ |
| अनुसूची २ : बेरुजूको स्थिति | | २९ |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकिकृत आय-व्यय विवरण | | ३० |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | ३१ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ८ कार्यालयको विस्तृत र ३२ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** दार्चुला जिल्ला स्थित ४० सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.३ अर्ब २५ करोड ४८ लाखको लेखापरीक्षण सम्पन्न गरीएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष १५ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १६६ र रु.२५ करोड ६९ लाख ८२ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म ६ कार्यालयको प्रतिक्रिया र समायोजन भएका २६ दफा र रु.२ लाख ३ हजार मिलान गरी १५ कार्यालयको दफा १४० र रु.२५ करोड ६७ लाख ७९ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका दफा संख्यामा प्रतिकृयाबाट फछ्र्योट एवं समायोजन गरी बांकी दफा कायम गरिएको छ । लेखापरीक्षणको क्रममा रु.४ लाख ८० हजार र प्रतिक्रियाबाट रु.२६ हजार समेत ५ लाख ६ हजार असुल भएको छ ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. ८६ लाख ८ हजार, अनियमित रु.१७ करोड ५३ लाख १३ हजार र पेश्की रु. ९ करोड ३८ लाख २९ हजार रहेको छ । यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझावः** तोकिएको प्रक्रिया अपनाई समयमै बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजु औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुल उपर गर्नुपर्ने देखिएको बेरुजु जिम्मेवार व्यक्तिबाट समयमै असुल उपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजुको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुल उपर गरी अनियमित बेरुजु फछ्र्यौट गर्नुपर्दछ । प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजु अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

## कार्यालयगत लेखापरीक्षणको व्यहोरा

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

१. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा स्वीकृत कार्यक्रमअनुसार कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पेश गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले वार्षिक लक्ष्य प्रगति प्रतिवेदन तयार गर्ने गरेको पाईएन। प्रचलित कानूनअनुसार चौमासिक तथा वार्षिक लक्ष्य प्रगति प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउने व्यवस्थाको पालना गर्नुपर्दछ।

२. **चौमासिक खर्च** : कार्यालयले ३ शीर्षकमा रु.१,००,०५,५४२।- खर्च गरेको मध्ये रु.३९,५३,६२५।- (३९.५० प्रतिशत) तेस्रो चौमासिकमा खर्च गरेको छ। उक्त खर्च मध्ये आषाढ महिनामा मात्र रु.२०,७६,९१२।- (२०.७६) प्रतिशत खर्च गरेको देखिन्छ। अन्तिम चौमासिक र आषाढ महिनामा बढी  खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्दछ।

३. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदनको आधारमा ६ महिनाभित्र प्रतिवेदनको व्यहोराको कारवाही गरिसक्नु पर्ने व्यवस्था छ। केन्द्रले गत विगत वर्षदेखि नै जिन्सी निरीक्षण गराई निरीक्षण प्रतिवेदनको आधारमा मर्मत सम्भार तथा लिलामको कारवाही गरेको पाइएन। नियमावलीको व्यवस्था वमोजिम जिन्सी निरीक्षण गराई जिन्सीलाई व्यवस्थित गर्नुपर्दछ।

४. **अभिलेख** : केन्द्रले गत वर्षको मौज्दात, यस आ.व. मा खरिद गरेको खरिद परिमाण, यस वर्ष विभागवाट प्राप्त भएको परिमाण  र निःशुल्क औषधी वितरणको विवरण खुल्ने गरी केन्द्र र औषधी लगायत अभिलेख अद्यावधिक राखेको देखिएन। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र अन्तर्गतका ४ औषधालयका सम्बन्धित प्राविधिकहरुले केन्द्रवाट पेश्की लिई औषधी खरिद गरेर पेश्की फछ्र्यौट गराउने गरेको देखियो। यसप्रकार खरिद गरिएको औषधीको प्राप्ति, वितरण र बाँकीको विवरण नराखेकोले अभिलेख अद्यावधिक गर्नुपर्दछ।

## जिल्ला कृषि विकास कार्यालय

१. **लक्ष्य प्रगति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ। कार्यालयले पेश गरेको लक्ष्य प्रगति विवरणअनुसार १३ बजेट उप-शीर्षकमध्ये बाली विकास कार्यक्रमतर्फ ६६.१४ प्रतिशत र विशेष कृषि उत्पादन कार्यक्रमतर्फ ३.३३ प्रतिशत वार्षिक प्रगति हासिल भएको देखिएको छ। प्राप्त विवरणअनुसार ४ वजेट उपशीर्षक अन्तर्गतका ७ कार्यक्रममा शून्य प्रगति, २ बजेट शीर्षक अन्तर्गतका २ कार्यक्रममा २५ प्रतिशतसम्म र कृषि प्रसार कार्यक्रम अन्तर्गतका ३ कार्यक्रममा ५० प्रतिशतसम्म प्रगति हासिल गरेको देखिन्छ। लक्षित प्रगति हासिल गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।

२. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६ को नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा, त्यसको लगत, संरक्षण तथा बरबुझारथ सम्बन्धमा व्यवस्था छ। कार्यालयले पेश गरेको जिन्सी मौज्दातको वार्षिक विवरणमा १०० प्रकारका खप्ने जिन्सी मालससामानमध्ये ३३ प्रकारका ६९ थान मालसामान मर्मत हुन नसक्ने र १३ प्रकारका सामान मर्मत गर्नुपर्ने भनी उल्लेख गरेको छ। कार्यालयले उक्त मालसामान मर्मत तथा लिलाम गर्नेतर्फ आवश्यक कारवाही अगाडि बढाएको देखिएन। नियमावलीको व्यवस्थाअनुसार मर्मत सम्भार तथा लिलाम बिक्री सम्वन्धी कारवाही गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

३. **हस्तान्तरण** : वार्षिक कार्यक्रम अन्तर्गत कृषक, कृषक समूह संस्थालाई मल बीउ, औषधी लगायत अन्य खप्ने जिन्सी सामग्री समेत भरपाई गरी दिने व्यवस्था छ । जिन्सी सामग्री, मेशिनरी औजार उपलब्ध गराउँदा हस्तान्तरणको प्रकृया पूरा गरी कार्यालयको नाम तथा कार्यक्रमको विवरण खुल्ने व्यहोरा अंकित गरी हस्तान्तरण गरेर सम्बन्धित कृषक, संस्था/समूहले दाखिला गरेको प्रमाणका आधारमा मात्र जिन्सी खाताबाट दाखिला खारेज गर्नुपर्दछ । कार्यालयले ५ वजेट उपशीर्षक ७ कार्यक्रमबाट कृषक, समूह/संस्थालाई उल्लिखित प्रकियाबेगर रु.१४,१६,५००।- को जिन्सी सामग्री, मेशिनरी औजार हस्तान्तरण गरेको नियमित मान्न सकिएन ।

४. **कार्यक्रम सञ्चालन :** स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेटअनुसार तोकिएका संख्यामा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन गरी कार्य सम्पादनलाई प्रभावकारी तथा यथार्थपरक बनाउनुपर्दछ । कार्यालयले १२ साना सिंचाई मर्मत र १० सिंचाई निर्माण सुधार गर्नुपर्नेमा २२ र १५ कार्यक्रममा रु.१८ लाख र रु.१५ लाख गरी रु.३३ लाखमा कार्यक्रम सञ्चालन गरेको छ । वार्षिक कार्यक्रमको परिधिभित्र रही कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

५. **सार्वजनिक सुनुवाई :** कृषकलाई उपलब्ध गराउने अनुदान, सहयोग, मर्मत सम्भार, निर्माण आदि क्रियाकलापको लागि कृषक वा कृषक समूह/संस्थासँग गरिने सम्झौताको दफा १२ मा कार्यक्रम सम्बन्धमा अनिवार्य रुपमा सार्वजनिक सनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएका ५ वजेट उपशीर्षक अन्तर्गत कार्यक्रम बमोजिमका अनुदानको फरफारक गर्दा सम्झौताबमोजिमको सार्वजनिक सुनुवाई गराएको देखिएन । अतः सम्झौताबमोजिम सार्वजनिक सुनुवाई गराई पारदर्शिता कायम गर्नुपर्दछ ।

६. **कार्यक्रम सञ्चालन** : कार्यक्रम सञ्चालनको प्रकृया अनुसार कार्यक्रम सम्वन्धि होर्डिङ्ग बोर्ड समेत देखिने गरी खिचिएको तस्विर कार्यक्रमको फायल स्रेस्ता साथ राख्नुपर्दछ । कार्यालयबाट आ.व.२०७२।७३ मा सञ्चालनमा आएका ११ कार्यक्रमको रु.४१,४०,२८८।- को स्रेस्तामा फोटो खिच्ने र फायल स्रेस्ता साथ संलग्न गर्ने गरेको पाइएन । कार्यालयका कर्मचारीलाई डिजिटल क्यामेरा उपलब्ध गराएको भए तापनि कार्यक्रम सञ्चालन सम्वन्धी तस्विर संलग्न नभएको हुँदा उपलब्ध क्यामेरा सरकारी काममा उपयोग हुनुपर्दछ ।

७. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ वमोजिम भ्रमण खर्चको भुक्तानी गर्दा दुर्गम क्षेत्रको कर्मचारी काठमाण्डौं लगायत सुगम स्थानमा काज खटिएको अवधिको दुर्गम भत्ता कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्दछ । कार्यालयले एक वरिष्ठ कृषि विकास अधिकृतलाई २०७२।११।१९ देखि २३ गते सम्म काठमाण्डौंको तालिम गोष्ठीमा सहभागी भएको रु.७१,७४९।- भ्रमण खर्च भुक्तानी दिंदा दुर्गम भत्ता वापत हुने रु. ५,१९२।- कट्टा नगरी दिएकोले रु.५,९१२।- असुल हुनुपर्दछ ।

८. **भर्पाई बेगर वितरण** : बैठक तथा गोष्ठी, तालिम कार्यक्रममा सहभागीहरुलाई तोकिएको दरमा भर्पाई गराई भत्ता वितरण गर्नुपर्नेमा भरपाई बेगर भत्ता वितरण गरेको रकम रु.२,१२५।- असुल गर्नुपर्दछ ।

९. **प्रतिस्पर्धा बेगर खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । कार्यालयले यस वर्ष ३ वजेट उपशीर्षक ५ कार्यक्रमका लागि खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधिबाट नगरी सोझै खरिद प्रकृयाबाट रु.९,२३,९९३।- खरिद गरेको देखिन्छ । प्रतिस्पर्धात्मक रुपमा खरिद विधिमार्फत खरिद गराई अनुदान वितरणको व्यवस्था मिलाउनु पर्दछ ।

१०. **कर वीजक :** मूल्य अभिवृद्धि कर ऐन,२०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेको वाहेक प्रापकलाई अनुसूचि ५ र ५ (क) वमोजिमको ढाँचामा कर वीजक जारी गरी पेश

गर्नु पर्ने व्यवस्था छ । कार्यालयले  कैफियत देखिएको कर वीजक कृषक समूह र निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिएको पाईएकोले उक्त मूल्य अभिवृद्धि कर भुक्तानी रकम रु.१,९९,९६५।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन भएको विवरण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

११. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक निकायले, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को प्रावधान बमोजिम निर्माण कार्य सम्पन्न गरेपछि  सोही ऐनको दफा ७२ बमोजिम खरिद कारवाहीको कागजपत्रको अभिलेख तोकिए बमोजिमको अवधिको लागि सुरक्षित राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भवनको तला थप्ने कार्यको लागि २ वटा निमार्ण व्यवसायीलाई रु. १४,०७,९३८।- भुक्तानी दिएकोमा सो निर्माण कार्यको हस्तान्तरण भएको पाइएन । उक्त निर्माणको कार्य सम्पन्न प्रतिवेदन तयार गरी भवन  हस्तान्तरण भएको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

## जिल्ला विकास समितिको कार्यालय

१ **बैंक हिसाव** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६०(१) (द) मा अनुसूची २३ को ढाँचामा प्रत्येक महिना वैंक हिसाव विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष पनि वैंक हिसाव विवरण तयार गरेको छैन । स्रेस्ता अनुसार रु.१,६२,९०,२९१।- र वैंक अनुसार रु.२,७१,०९,१०७।- मौज्दात देखिएकोले स्रेस्ता भन्दा वैंकमा बढी देखिएको रु.१,०८,१८,८१६।- को हिसाव मिलान हुनुपर्दछ ।

१.१ **दाखिला :** एकीकृत आर्थिक विवरणले देखाएको दाखिला गर्न बाँकी रु.९,३१३।- यथाशीघ्र सम्बन्धित खातामा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्दछ ।

२ **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१(१) मा पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गत वर्ष समेत कुल पेश्की रु.१,५७,६२,३७३।- बाँकी रहेको छ । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा वार्षिक खरिद योजना आंशिक रुपमा तयार गरेको, पुराना मालसमानको मूल्य नखुलाएको, वार्षिक प्रतिवेदन तयार नगरेको तालुक कार्यालयले निरीक्षण नगरेको, सम्भावित जोखिम पहिचान नगरेको, भ्रमण अभिलेख नराखेको, सवारी लगबुक नराखेको, विल भरपाई प्रमाणित तथा स्वीकृत नगरेको, अद्यावधिक अभिलेख नराखेको, सडकको सर्भे, इष्टिमेट, मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन जस्ता प्राविधिक प्रतिवेदन रितपूर्वक तयार नगरेको, कार्यालयबाट अनुगमन नगरेको, आन्तरिक लेखापरीक्षण मासिक रुपमा नगरेको, अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण नगरेको, सार्वजनिक परीक्षण गरी प्रतिवेदन नलिएको आदि कमी कमजोरी रहेको पाइयो । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनुपर्दछ ।

३.१ **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ वमोजिम स्थानीय निकायको अन्तिम लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार १ नगरपालिका र ३६ गाउँ विकास समितिमध्ये अपि नगरपालिकाको २०७३।९।१५ मा लेखापरिक्षण प्रतिवेदन प्राप्त भैसकेको र ३६ गाउँ विकास समितिको लेखापरीक्षक छनौट कार्य अन्तिम चरणमा पुगेको देखिन्छ । यथाशीघ्र लेखापरीक्षक नियुक्त गरी देखिएको व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

३.२ **प्रगति विवरण** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३६ मा स्थानीय निकायबाट संचालित आयोजनाको वित्तीय एव भौतिक प्रगति प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको प्रगति विवरण अनुसार १४० योजना संचालन गरेकोमा २ योजनाको २५ प्रतिशत, ६ योजनाको ५० प्रतिशत, ७ योजनाको ७५ प्रतिशतसम्म र १३५ योजनाको ७५ प्रतिशतभन्दा बढी प्रगति भएको उल्लेख छ । शून्य तथा न्यून प्रगति भएको सम्बन्धमा अनुगमन गरी लक्ष्य अनुसार प्रगति गर्न लगाउनु पर्दछ।

४ **नापी किताब** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७२ अनुसार खरिद एवं निर्माण सम्बन्धी अभिलेख नापी किताव समेत तयार गरी राख्नु पर्ने व्यवस्था गरेको छ। कार्यालयले नापी कितावको सट्टामा कम्प्यूटरकृत अन्तरिम भुक्तानी प्रमाणपत्र सलंग्न गरी रनिङ्ग विल तयार गर्ने गरेको छ । नापि किताव नियन्त्रणखाता म.ले.प.फा.न.१९२ अनुसार नापी कितावलाई नियन्त्रण र व्यवस्थापन गर्ने गरेको छैन । अतः कार्यालयले तोकिएका फारामहरु प्रयोगमा ल्याउनु पर्दछ

५ **रोयल्टी :** स्थानीय स्वायत्त शासन नियमावली, २०६४ को नियम १६७ अनुसार स्थानीय निकायले ठेक्का व्यवस्थापन गर्न पाउने व्यवस्था छ । यो जिल्लामा सार्वजनिक निर्माणमा संलग्न निकायले रु.१ अर्व ९७ करोडको निर्माण कार्य गराएका छन् । डिभिजन सडक, भवन डिभिजन, गैरसरकारी संस्था निजी क्षेत्र ले गरेको निर्माणको तथ्यांक समेत समावेश गर्दा पूर्वाधार निर्माणको अंश ठूलो मात्रामा हुन आउछ। महाकाली नदी नियन्त्रण आयोजनाको लागत अनुमानमा ढुङ्गा, गिट्टी, ग्राभेल आदिमा प्रति ट्रीप रु.२०० को दरले रोयल्टी भुक्तानी गर्ने गरी व्यवस्था गरेको छ । जिल्लामा चमेलिया, अपि हाइड्रो जस्ता निकायले उल्लेख्य मात्रामा निर्माण सामग्री खपत गरेको र जिल्लामा ४ क्रसर उद्योग सञ्चालनमा रहेको स्थलगत अवलोकनवाट देखियो। यो वर्ष रु.६ लाख ८१ हजार आम्दानी गरेको छ। जिल्ला विकास समितिले ढुङ्गा गिटी वालुवामा कुनै ठेक्का नलगाएको, निर्माण सामाग्रीको रोयल्टी वापत कुनै रकम असुल नगरेकोले आन्तरिक आय संकलनमा न्यूनता आएको देखिन्छ। यस सम्वन्धमा थप छानविन गरी तत्काल आय ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

६ **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा जिल्ला विकास समितिले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क दस्तुर र भाडाबाट उठाएको निर्धारित प्रतिशत रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाईने व्यवस्था छ। जिल्ला विकास समितिले कर, शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रु.६,८०,८५५।- को ६० प्रतिशतले हुने रु.४,०८,५१३।- सम्म प्रशासनिक कार्यका लागि खर्च गर्न पाईनेमा रु.६,८०,८५५।- खर्च गरेको देखिएकोले रु.२,७२,३४२।- नियम विपरीत खर्च गरेको छ। नियमावलीको पालना गर्नुपर्दछ।

७ **राजश्व बाडफाँड** : स्थानीय निकाय स्वायत्त शासन नियामावली, २०५६ को नियमा २११ को उपनियममा-१ बमोजिमको अनुसूची-२६ मा राजस्व बाडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाइने व्यवस्था छ। कार्यालयले यस वर्ष राजश्व बाडफाँड को आम्दानी रु.३७,२१,३०२।- मध्ये रु.३४,९५,९७०।- चालु खर्च खातामा ट्रान्सफर गरी खर्च गरेको छ । नियमको व्यवस्था विपरीत राजश्व वाडफाँडबाट रु.३४,९५,९७०।- चालु प्रकृतिको खर्च गरेको नियमित देखिएन । नियमावलीको पालना गर्नुपर्दछ।

८ **दुई धरौटी खाता** :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७१ मा धरौटी खाताको बैकं हिसाब मिलान गर्ने व्यवस्था छ। कार्यालयले जिल्ला विकास समिति र विकेन्द्रित ग्रामीण पूर्वाधार जीवीकोपार्जन परियोजनाको अलग अलग धरौटी खाता संचालन गरेको छ। दुवै धरौटी खातालाई एकीकृत गरी एक निकायका लागि एकमात्र धरौटी खाता सञ्चालनको व्यवस्था गर्नुपर्दछ।

९ **कर्मचारी काज** : निजामती सेवा ऐन, २०४९ को व्यवस्था अनुसार एक वर्षमा ३ महिना भन्दा बढी अवधि तथा तोकिएको व्यवस्था बाहेक कर्मचारीलाई काज खटाउनु हुँदैन । कार्यालयमा पदाधिकार रहेका गाउँ विकास समिति सचिव-१, कार्यक्रम अधिकृत-१ र खरिदार-१ लाई लामो अवधि काजमा खटिएको अवधिको समेत तलव भत्ता भुक्तानी गरेको देखिन्छ । यस प्रकार तलब भुक्तानी गरेको रु.८३२३१०।- नियमित मान्न सकिएन । ऐनको व्यवस्था पालना हुनुपर्दछ ।

१० **स्थानीय भत्ता :** अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको २०७१।४।२ को परिपत्रमा स्थानीय भत्ता भुक्तानी दिने आधार सम्बन्धमा उल्लेख छ । जस अनुसार स्थानीय स्तरमा नियुक्ति भई सोही स्थानमा काम गर्ने कर्मचारीले स्थानीय भत्ता नपाउने तर क र ख वर्गका भौगोलिक क्षेत्रमा कामगर्ने कर्मचारीलाई ५० प्रतिशतका दरले स्थानीय भत्ता दिइने उल्लेख छ । कार्यालयले स्थानीय निकाय अन्तर्गत कार्यरत २० कर्मचारीलाई २०७२।७३ का लागि तोकिएको स्थानीय भत्ताको शत प्रतिशत भुक्तानी गरेको पाइएको छ । यसरी पूरै स्थानीय भत्ता भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले बढी भुक्तानी भएको रकम रु. ६,४०,८००।- असुल गर्नुपर्दछ ।

११ **तालिम गोष्ठी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (५) मा कुनै तालिम सञ्चालन गर्नु पर्दा सोको लागत अनुमान तयार गरी कार्य सम्पन्न भए पछि विल भरपाई सहितको खर्च देखिने प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रम, तालिम तथा गोष्ठी सञ्चालन गरेकोमा तलिम तथा गोष्ठीको उद्देश्य, प्रशिक्षणको विषय र अनुमानित खर्च सहित तालिम संचालन सम्वन्धी स्वीकृत कार्ययोजना जिम्मेवार व्यक्तिवाट प्रमाणित गरेको स्रेस्ता लेखापरीक्षणमा उपलव्ध भएन । सो सम्बन्धी प्रतिवेदन समेत तयार गरेको पाइएन । उपरोक्त अनुसारका विवरण खुलाई प्रतिवेदन गर्नुपर्दछ ।

१२ **कर्मचारी कल्याण कोष** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २६५ मा जिल्ला विकास समितिले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव बरावरको रकम कर्मचारी कल्याण कोषमा जम्मा गर्नु पर्ने र उक्त रकमबाट स्थानीय विकासका कर्मचारीलाई उपदान दिने व्यवस्था छ । यस वर्ष प्रशासन अनुदान र आन्तरिक कोष तर्फका कर्मचारीको एक महिनाको तलव बराबरको रु.१०,८३,३०६।- उक्त कोषमा जम्मा गर्नुपर्नेमा रु. ४४,२२,७२०।- जम्मा गरेको पाइयो । नियमले व्यवस्था गरे भन्दा वढी रु. ३८८१०६७।- कर्मचारी कल्याणकोषमा जम्मा गरेको छ । नियमले तोकेको सीमा भित्र रही जम्मा हुनुपर्दछ ।

१३ **समपूरक कोष :** जिल्लामा सञ्चालित विकास निर्माणका काममा स्थानीय निकायको स्वामित्व र संलग्नता बृद्धि गर्नकालागि आन्तरिक स्रोतबाट समपूरक कोषको व्यवस्था गरिएको छ । कार्यालयले विभिन्न जलविद्युत परियोजनालाई समपूरक कोषबाट रु.६,००,०००।- उपलव्ध गराएकोमा सदुपयोग भएको पाइएन । समपूरक कोषबाट गरिएको खर्चको समय मै सदुपयोग हुनुपर्दछ ।

१४ **परामर्श सेवा** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा लगत अनुमान तयार गरी परामर्श सेवा लिन सकिने व्यवस्था छ । जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय, ग्रामीण सामुदायिक विकास, दुर्गम क्षेत्र विकास समिति समेतमा इन्जिनियर, सव ईन्जिनीयर, अ.स.ई लगायतका प्राविधिक जनशक्ति रहेको अवस्थामा एक गैर सरकारी संस्थासँग डिटेल सर्भे डिजाइन कार्य दिई पेश्की रु.५०,०००।- उपलव्ध गराएको छ । उक्त कार्यको औचित्य पुष्टि हुनुपर्दछ ।

१५ **मोविलाईजेशन पेश्की** : स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को व्यवस्था अनुसार

सार्वजनिक खरिद कार्यको सम्झौता भई कार्यादेश जारी गरे पछि सम्झौताका शर्तका अधीनमा २० प्रतिशतसम्म मोविलाइजेसन पेश्की उपलव्ध गराउन सकिने व्यवस्था छ। कार्यालयले स्थानीय स्तरका सडक पुल अन्तरगत धुलिगडा मोटरेवल पुलका लागि रु. ३,१०,४२,८५४।- को सम्झौता रकम भएको ठेक्का २०७३।३।२२ मा सम्झौता गरी २०७३।३।२२ मा कार्यादेश दिएको अवस्थामा ठेक्का मितिभन्दा ८ दिन अगावै निर्माण व्यवसायीलाई रु. ६२,०८,०००।- पेश्की उपलव्ध गराएको नियमित देखिएन । नियमावलीको पालना हुनुपर्दछ ।

१६ **प्रतिलिपी बिल :** कारोवारको पेश्की फछ्र्यौट गर्दा वा भुक्तानी दिदाँ आवश्यक भरपाईको सकल प्रमाण एवं कागजातको आधारमा भुक्तानी गर्नुपर्दछ। कार्यालयले प्रतिलिपी कागजातको आधारमा रु.६,८०,०००।- भुक्तानी गरेको छ । प्रतिलिपी विल भरपाईको आधारमा गरेको भुक्तानी रकम रु.६,८०,०००।- नियमसङ्गत देखिएन । सक्कल स्रेस्ताको आधारमा खर्च लेख्नुपर्दछ ।

१७ **सर्भे खर्च** : भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ अनुसार सरकारी कामको सिलसिलामा आफ्नो कार्यालयभन्दा बाहिर खटिएका कर्मचारीले दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ। जिल्ला विकास समितिमा कार्यरत छ जना प्राविधिकहरुले आयोजनाको सर्वेक्षणमा खटिँदा दैनिक भ्रमण भत्ता बाहेक बील भरपाई वेगर रु.३,३९,६३९।- भुक्तानी दिएको देखियो । तोकिएको भ्रमण भत्ता बाहेक अन्य सुविधा पाउने कानुनी आधार नदेखिएकोले उक्त रकम असूल गर्नुपर्ने देखिन्छ ।

१८ **कर वीजक :** मूल्य अभिवृद्धि नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्तिमा रीत पूर्वकको कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कैफियत देखिएका कर बीजकबाट ९ कारोवारमा मूल्य अभिवृद्धि कर भुक्तानी दिएको पाईएकोले उक्त रु.२५,४५,३६०।- को समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१९ **गाडी तथा सुविधा** : सार्वजनिक लेखा समितिको २०६९।१०।०५ को निर्णय अनुसार विल अफ क्वान्टिटिजमा समावेश गरी मेशिनरी उपकरण, गाडी खरिद वा भाडाको व्यवस्था सहित सम्झौता गर्न नपाइने व्यवस्था ग छ। कार्यालयले ठेक्कामा विल अफ क्वान्टिटिजमा गाडी तथा अन्य सुविधा समावेश गरी भुक्तानी गरेको छ। अतः विल अफ क्वान्टिटिजमा गाडी भाडा समावेश गरी निर्माण व्यवसायीलाई भुक्तानी गरेको खर्च रु.४,३०,०००।- नियमसंगत देखिएन । निर्णयको पालना हुनुपर्दछ ।

२० **म्याद थप** : निर्माण व्यावसायीलाई ठेक्का व्यवस्थापन प्रति जिम्मेवार बनाई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न आन्तरिक माइलस्टोन हर्जनाको व्यवस्था सहित ठेक्का सम्झौता गरिन्छ । कार्यालयले ३ ठेक्का सम्झौताको विशेष शर्त १७ र सामान्य शर्त ४९ मा व्यवस्था भए बमोजिम निर्धारित माइलस्टोन हर्जना असुल गरेको छैन । निर्धारित माइलस्टोन हर्जना रु.२८,२३,२६२।- असुल गर्नुपर्दछ ।

२१ **कर भुक्तानी** : मूल्य अभिवृद्धि कर ऐन २०५२ मा दर्तावाला फर्मले अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा बीजक जारी गरे पछि मूल्य अभिवृद्धिकर सहित भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले एक विद्यालयलाई फर्निचर र कम्प्युटर खरिद तथा शौचालय निर्माण वापत रु.५,००,०००।- पेश्की दिई फछ्र्यौट गरेको कारोवारमा रु.७०,८६७।- मूल्य अभिवृद्धि कर समेत भुक्तानी भएको छ । विद्यालय मार्फत मूल्य अभिवृद्धि कर भुक्तानी गरेको रकम रु.७०,८६७।- समायोजन प्रमाण पेश हुनुपर्दछ ।

२२ **अग्रिम करकट्टी** : सरकारी निकायले भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर दर्तावालालाई १.५% र अन्यलाई १५% अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक संस्थालाई भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरी भुक्तानी गरेको छ । अग्रीम कर कट्टी गर्न छुट रकम रु.१,५४,७५७।- असुल गर्नुपर्दछ ।

२३ **भेरिएशन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा खरिद सम्झौतामा अन्यथा व्यवथा भएकोमा बाहेक खरीद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो स्पष्ट खुलाई अधिकार प्राप्त अधिकारी बाट भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले तीन कार्यक्रमको ६ कारोवारमा तोकिएको अधिकारीबाट भेरिएसन स्वीकृत नगरी रु.२६,७१,१७०।- को सार्वजनिक खरिद कार्य स्वीकृत गरेको छ । कानूनले दिएको अधिकार क्षेत्र बाहिर गएर कार्य सम्पन्न गरी रु.२६,७१,१७०।- भुक्तानी दिएको कार्यलाई नियमित मान्न सकिएन । भेरिएशन आदेश स्वीकृत गरी खर्च लेख्नुपर्दछ ।

२४ **संशोधित अनुमान** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा तोकिएको पदाधिकारी बाट तोकिए बमोजिमको आधारमा प्राविधिक पुष्ट्याइँ सहित परिमाण वा आइटम थप घट भएको अवस्थामा भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । तर दर र आइटम वाइज थप घट गर्न सक्ने व्यवस्था गरेको पाइदैन । कार्यालयले कानुनको व्यवस्था बाहेक शुरु लागत इष्टिमेटमा घटी दररेट भएको परिमाण घटाई बढी दररेट भएको कडा चट्टान फोड्ने जस्ता क्रियाकलापको परिमाण बढाई कुल परिमाणमा थोरै मात्र फरक पर्ने गरी संशोधित लागत अनुमानका आधारमा कार्यसम्पन्न तयार गर्ने र अधिकार क्षेत्र वाहिरको निमित्तको जिम्मेवारी प्राप्त व्यक्तिले आधिकारिक व्यक्तिको अनुपस्थितिमा उपभोक्ता समितिलाई भुक्तानी दिने गरेको पाइयो । कानुन विपरित संशोधित लागत अनुमानबाट भुक्तानी भएको रु.५,६१,१३२।- नियमित देखिएन । नियमावलीको व्यवस्था पालना हुनुपर्दछ ।

२५ **बढी भुक्तानी** : पेश्की फछ्र्यौट गरी सोधभर्ना भुक्तानी गर्दा आवश्यक विल भरपाई प्रमाण, कागजातहरुका आधारमा भुक्तानी गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समितिलाई भुक्तानी गर्दा ग्यावियन तार जालीको रु.७,९०,६६७।- को विल विजक समावेश भएकोमा ग्यावियन तार जालीका लागि रु.१९,६२,६२९।- भुक्तानी गरेको छ । विल विजक भन्दा बढी रकम भुक्तानी गरेको रकम रु.११,७१,९६१।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

२६ **अनुपात कट्टी** : स्थानीय निकाय स्रोत परिचालन निर्देशिका, २०६९ अनुसार उपभोक्ता समितिले तोकिएको अनुपातमा योगदान गर्नु पर्दछ र सोही अनुपातमा भुक्तानी गर्दा समेत उपभोक्ताको अंश देखिने गरी गणना गरी फरफारक गर्नुपर्दछ । कार्यालयले उपभोक्ताको अंश घटी हुने गरी भुक्तानी गरेको छ । अतः उपभोक्ता समितिको घटी योगदान देखिएको रु.८,७०,९०२।- असुल गर्नुपर्दछ ।

२७ **परामर्श सेवा** : सार्वजनिक खरिद ऐन, २०६३ को बमोजिम सार्वजनिक निकायमा आवश्यक प्राविधिक नभएको अवस्थामा र विशेषज्ञ सेवा आवश्यक परेमा लागत अनुमान तयार गरी तोकिए बमोजिम परामर्शदातावट सेवा लिन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत प्राविधिक कर्मचारी कार्यरत रहेको अवस्थामा गैर सरकारी संस्थाका रुपमा दर्ता भएको एक संस्थालाई झोलुङ्गे पुलको सूची तयार गर्न लगाई रु.४,८५,२९८।- भुक्तानी गरेको छ । गैर सरकारी संस्थालाई भुक्तानी दिएको रु.४,८५,२९८।- को औचित्य पुष्टि गर्नुपर्दछ ।

२७.१ **अडियो नोटिस** : सार्वजनिक निकायले नेपाल दूर सञ्चार कम्पनी लि. सँग प्रत्राचार गरी अडियो नोटिस बोर्ड व्यवस्थापन गर्न सक्दछ । कार्यालयले एक कार्यक्रम अधिकृतलाई रु.१,००,०००।- पेश्की दिई एक संस्थालाई २०७३।२।१३ को सम्झौताका आधारमा परामर्श सेवा वापत रु.९०,४००।- भुक्तानी र सन्चार तथा टेलिफोन विलका लागि रु.९,६००।- समेत रु.१,००,०००।- फछ्र्यौट गरेको छ । सञ्चार खर्च रु.९,६००।- मा सम्पन्न हुने कार्यका लागि परामर्शदाता खडा गरी कार्यालय पेश्की मार्फत खर्च गरेको सम्बन्धमा औचित्य पुष्टि गर्नुपर्दछ ।

२८ **कन्टिन्जेन्सी खर्च** : कार्यालयले रु.१,००,०००।– भुक्तानी गरेको कारोवारमा डोर हाजिरबाट एक ज्यामीलाई एकमुष्ट रु. ३००००।- भुक्तानी गरेको छ । कन्टिन्जेन्सी खर्च कट्टा गरी अनिवार्य खर्च गरी सक्ने अभिप्रायले एक मुष्ट डोर हाजिरबाट खर्च गरेको रकम रु.३०,०००।- नियमित मान्न सकिएन ।

२९ **ल्याव उपकरण** : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट एक निर्माण व्यवसायीसँग रु.७,८६,४८०।- को विभिन्न प्रकारका प्राविधिक गुणस्तर मापन गर्न खरिद गरीएको प्रयोगशाला उपकरण प्रयोगशाला भवन अपूरो भएकोले जिन्सी भण्डारमा अलपत्र अवस्थामा राखेको पाईयो । प्रयोगशाला उपकरण लगायतका सामग्रीलाई क्षय हुन नदिई प्रयोगशाला उपकरण सञ्चालनमा ल्याउने कार्य सुरु गरी सडक, सिंचाई, पुल, आदि निर्माण कार्यको गुणस्तर मापनतर्फ ध्यान दिनुपर्दछ ।

३० **अधुरो प्रयोगशाला** : सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था अनुसार खरिद सम्झौताका शर्तका अधीनमा रही ठेक्का व्यवस्थापन गरी कार्य सम्पन्न गराउनु पर्दछ । कार्यालयले एल.जि.सि.डि.पि. कार्यक्रम अन्तरगत लागत अनुमान रु.११,७४,६५१।- (मू.अ.कर बाहेक) भएको कार्यालय हाता भित्र निर्माणाधीन प्रयोगशाला भवन २०७३।१।१३ को सम्झौता बमोजिम एक निर्माण सेवालाई दुई रनिङ्ग बिल बाट रु. १०,८२,३६२।०० भुक्तानी गरेकोमा उक्त भवन अधुरो छ । हाल सम्मको भुक्तानीमा १७६३ के.जी. छड प्रयोग हुने अनुमान गरेकोमा २७३९.१० के.जी. भुक्तानी गर्दा रु.१,२०,७३२।- बढी भुक्तानी गरेको छ । वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

३१ **पुरानो सम्झौताको भुक्तानी** : तिनुपर्ने दायित्व बाँकी रहेको अवस्थामा आन्तरिक लेखापरीक्षण शाखाबाट अनुसूची २४ प्रमाणित गरी बजेट निकासा प्राप्त भएपछि भुक्तानी दिनुपर्दछ। कार्यालयले एक केन्द्रलाई आवधिक योजना तयारी वापत रु.२,७१,०७३।- अन्तिम किस्ता भुक्तानी गरेको छ । यस केन्द्रलाई एउटै कार्यवापत अन्य शीर्षकबाट समेत भुक्तानी गरेको सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ ।

३२ **निर्वाचन क्षेत्र विकास कार्यक्रम** : यस कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन नेपाल सरकारले निर्वाचन पूर्वाधार विशेष कार्यक्रम सन्चालन कार्यविधि नियमावली, २०७१ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष रु.१,९०,००,०००।- विनियोजन भै रु.१,७७,२६,०६९।- खर्च भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

३२.१ नियमावलीको नियम ११ बमोजिम कार्यक्रम छनौट गर्दा सात लाख भन्दा कम लागत भएका आयोजना छनौट गर्न नपाइने तथा बढीमा १० वटा कार्यक्रम मात्र छनौट गर्न सकिने उल्लेख छ । पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत कुल १८ वटा योजना छनौट भएका मध्ये ८ वटा योजना रु.७ लाख भन्दा घटी लागतका छन् ।

३२.२ कार्यविधि नियमावलीको नियम ५(७) मा आयोजना छनौट गर्दा स्थानीय निकायको परिषद्बाट स्वीकृत भई बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका, बजेट पर्याप्त नभएका कारण बजेट थप गर्नुपर्ने अवस्था तथा बजेट विनियोजनका लागि केन्द्रमा माग गरेको तर केन्द्रबाट समावेश हुन नसकेका आयोजना छनौट गर्नुपर्ने उल्लेख छ। तर छनौट भएका अधिकांश योजना स्थानीय निकायका परिषद्बाट स्वीकृत भएको देखिएन ।

३२.३ सात लाख भन्दा कम लागतका र जिल्ला परिषद् तथा स्थानीय निकायको परिषद्बाट समेत स्वीकृत नभएका २० योजना यस कार्यक्रम अन्तर्गत सञ्चालन भएको नियमसङ्गत मान्न सकिएन ।

३२.४ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार खर्चको बिल, भर्पाइ फाँटवारी अधिकार प्राप्त अधिकारी वाट प्रमाणित गराई भुक्तानी दिई स्रेस्ता अद्यावधिक गरी राख्नुपर्दछ । एक फर्मलाई बिल, भरपाई फाँटवारी, अधिकार प्राप्त अधिकारीवाट प्रमाणित नगरी भुक्तानी दिएको रकम रु.३२,०००।- को खर्च यकिन नभएकोले असुल गर्नुपर्दछ ।

३३ **बढी भुक्तानी** : हुनैनाथ उ.मा.वि. रातामाटा, फिल्ड निर्माणका लागि रु.८२,०००।- पेश्की उपलब्ध गराइ पे.फ.गर्दा लागत अनुमान भन्दा बढीको कार्य सम्पादन गरी संसोधित लागत अनुमान तयार गरेर फरफारक गरेको छ । वढी व्ययभार परेको रकम रु १०६८६।- सम्बन्धित बाट असुल गर्नुपर्दछ ।

३४ **कर कट्टी** : सामुदायिक संस्थाहरुको क्षमता विकास सम्बन्धि ६ तालिम सञ्चालन गर्दा सहभागीलाई खाजा खाना वापत नगद बुझाएकोमा कर कट्टी नगरेको रु.४६,५३०।- असुल गर्नुपर्दछ ।

३५ **खर्चको फाँटवारी** : जिल्ला विकास समितिको परिषदबाट पारित भएका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । जिल्ला विकास समिति कार्यालयले यो वर्ष ज्येष्ठ नागरिक, लक्षियत वर्ग, महिला तथा बालबालिका र प्रर्वद्धनात्मक कार्यकमको लागि परिषदबाट १५ गाउँ विकास समिति एक नगरपालिकालाई रु.१२,२५,०००।- निकासा दिएकोमा खर्चको फाँटवारी पेश हुन आएन । खर्चको फाँटवारी पेश हुनुपर्दछ ।

३६ **भुक्तानी हुन बाँकी** : भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी भुक्तानी खर्च लेख्न हुँदैन । कार्यालयले कानूनी सल्लाहकारको २०७१ चैत्रदेखि आषाढसम्मको पारिश्रमिक रु.२४०००।००, भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी भुक्तानी दिएको छ । भुक्तानी दिन बाँकी दायित्व प्रमाणित हुनुपर्दछ ।

३७ **लागत अनुमान** : दार्चुला जिल्लाको आवधिक योजनाका लागि एक गैर सरकरी संस्थासँग रु.१९,२१०००।- मा २०७१।१२।१० गते सम्झौता गरी रु.१९,५३६५७।- भुक्तानी गरेको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

३७.१ लागत अनुमान तयारी र स्वीकृत बेगर रु.१९,२१,०००।-मा २०७२ साउन मसान्त सम्मको म्याद थप भएकोमा सम्बन्धित संस्थाको विजक मितिका आधारमा २०७२।६।२० मा सम्पन्न भएको देखिएकोले हर्जाना रकम रु. १९२१०।- असुल गनुपर्दछ ।

३७.२ आवधिक योजना तर्जुमा जस्तो पेशागत कार्य, आफ्नै जनशक्ति बाट नगराई गैरसरकारी संस्थाबाट गराएको कार्यलाई नियमित र मितव्ययी मान्न सकिएन ।

३८ **सहयोगी संस्था** : ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना सञ्चालन गर्न तयार गरिएको

निर्देशिकाले सहयोगी संस्थाहरुको छनौट गरेर लामो अवधिका लागि सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरको छ। कार्यालयले २ सहयोगी संस्थासँग छोटो/छोटो अवधिका लागि रु.९६,३७,४८०।- को सम्झौता गरी कार्यक्रम सञ्चालन गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

३८.१ संस्थाहरुलाई पेश्की फछ्र्यौट गरी भुक्तानी दिँदा अीग्रम आयकर कट्टी नगरेको रकम रु.१६,६५,०५१।- असुल गर्नुपर्दछ ।

३८.२ परियोजनाको कार्य प्रगति, सहयोगी संस्थाहरुको भूमिका, सहयोगी संस्थाहरुसँगको सम्झौता प्रकृया, तालिम कार्यक्रम, संस्थाका कर्मचारीको प्रोत्साहन भत्ता, संस्थाको भुक्तानीमा अग्रिम कर लगायत परियोजनाका सम्बन्धमा परियोजनाका वरिष्ठ जलस्रोत सल्लाहकारसँग छलफल गर्दा परियोजना सञ्चालनमा स-साना कुरामा ध्यान नदिई ४/५ महिना ढिलो प्रगति भएता पनि संस्थाका कर्मचारीहरुलाई जिल्ला जलस्रोत व्यवस्थापन समितिको निणर्यबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने गरेको देखियो । तोकिएको कानून तथा निर्देशिकाले गरेको व्यवस्थाको पालना गर्नुपर्दछ ।

३८.३ उच्च स्तरीय प्रगति र सन्तोषजनक कार्यसम्पादन भएको अवस्थामा मात्र तोकिएको प्रकृया पुऱ्याई प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्दछ । कार्यालयले परियोजनाको सहयोगी संस्थाका कर्मचारीहरलाई प्रोत्साहन भत्ता उपलब्ध गराएको रकम रु.४,५२,५४३।- असुल गर्नुपर्दछ ।

३९ **बहाल कर छुट** : आयकर ऐन, २०५८ अनुसार ढुवानी भाडामा १० प्रतिशतका दरले कर असुल गरी राजश्व दाखिला गर्नुपर्दछ । कार्यालयले खा.पा. तथा स.स.यो मा उपभोक्ता समिति मार्फत ढुवानी भाडा भुक्तानी गरेकोमा १० प्रतिशतले हुने बहाल कर रु.१,३५,१६३।- असुल गर्नुपर्दछ ।

४० **सापटी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा विभिन्न कार्यक्रम तथा खर्च शीर्षकमा सापटी तथा आन्तरिक सापटी लिन नपाउने व्यवस्था उल्लेख छ। कार्यालयले एउटै बैंक खाता रहेको जनाई एक ब.उ.शी.नं. तथा खर्च शिर्षकबाट अन्य ब.उ.शी.नं.तथा खर्च शिर्षकमा खर्च गर्ने, सोको लेखाङ्कन नगर्ने तथा आ.व को अन्तमा हिसाब मिलान गर्न आन्तरिक स्रोत तथा जिल्ला विकास समिति अनुदानमा सापटी मिलान गर्ने गरेको पाइयो । नियमको व्यवस्था विपरीत सापटी दिने लिने र सोको स्पष्ट लेखाङ्कन नगर्ने काममा नियन्त्रण गर्नुपर्दछ ।

४१ **मूल्य अभिवृद्धि कर भुक्तानी** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा दार्तावाला फर्मलाई तोकिएको विजक अनुसार भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिने व्यवस्था छ । कार्यालयले स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम तर्फ एक कृषि सडक उपभोक्ता सभितिलाई सम्झौता गरी कार्यसञ्चालन गर्दा लागत अनुमानमा उल्लेख भएको मूल्य अभिवृद्धि कर रु.६,८४९।- सहित भुक्तानी दिएको छ। दर्ता वेगरका उपभोक्ता समितिलाई भुक्तानी भएको रु.६८४९।- मूल्य अभिवृद्धि कर असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

४२ **नगदमा भुक्तानी** : खाजा तथा खानाखर्च समेत नगदै भुक्तानी गर्दा पारिश्रमिक आयकर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था आयकर ऐन, २०५८ मा छ । ग्रामीण खानेपानी व्यवस्थापन परियोजना अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने एक कर्मचारीको पेश्की फछ्र्यौट गर्दा नगद भुक्तानी गरेकोमा रु ६८४००।- कर कट्टी नगरी भुक्तानी भएको असुल गर्नुपर्दछ ।

४३ **कार्यसम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ अनुसार निर्माण कार्यसम्पन्न भएको कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न १५ गाउँ विकास समितिलाई रु.१३,७०,०००।- निकासा खर्च लेखेको

छ । उक्त कार्य सम्पन्न भएको यकिन हुने रु.१३,७०,०००।- को बिल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

४३.१ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ अनुसार निर्माण कार्यसम्पन्न भएको कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ७ वटा गाउँ विकास समितिहरुलाई बाढी नियन्त्रणका लागि देहायबमोजिम रु.६०,००,०००।- निकासा खर्च लेखेको छ । उक्त कार्य सम्पन्न भएको यकिन हुने बिल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

४४ **भरपाई नभएको** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको बिल, भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेको सामग्रीको वितरण गरेको विवरण समेत पेश गरेको छैन । उक्त सामग्री वितरण गरेको विवरण पेश गर्नुपर्ने अन्यथा सो सामग्री खर्च रु.२,९९,३९९।- को पुष्ट्याइँ हुनुपर्दछ ।

४५ **थप व्ययभार** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६३ र ६४ मा स्थानीय निकायले निमार्ण कार्यको लागत अनुमान तयार गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा उल्लेख छ । कार्यालयले ५ कार्यको लागत अनुमानमा बढी दररेट भएका आइटमहरुको परिमाणमा अस्वाभाविक रुपमा बढी राखी संशोधित लागत अनुमान तयार गरी प्राविधिक पुष्ट्याइँ बेगर बढी दरमा कार्यसम्पन्न गर्दा रु.४९०२४९।- थप व्ययभार परेको देखिन्छ । यस्तै कम परिमाणमा तथा कम दरमा तार जाली खरिद गरी लागत अनुमान अनुसार कार्यसम्पन्नमा बढी परिमाण देखाई भुक्तानी भएको रु.३३,३०२।- को पुष्ट्याइँ हुनुपर्दछ ।

४६ **सडक बोर्ड** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६३ र ६४ मा स्थानीय निकायले निमार्ण कार्यको लागत अनुमान तयार गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा उल्लेख छ । कार्यालयले एक कार्यको लागत अनुमानमा बढी दररेट भएका आइटमहरुको परिमाणमा अस्वाभाविक रुपमा बढी परिमाण राखी संशोधित लागत अनुमान तयार गरी कार्य सम्पन्न गर्ने तर सोको पुष्ट्याई हुने प्राविधिक कारण खुलाउने गरेको पाइएन । प्राविधिक पुष्ट्याइँ बेगर बढी दरमा कार्यसम्पन्न गर्दा रु.६७,५२२।- थप व्ययभार परेको देखिन्छ ।

४७ **पाइप फिटिङ्ग**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालयमा प्राप्त भई आएको मालसमानको स्रेस्ता खडा गरी अद्यावधिक विवरण तयार गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले एक सप्लायर्सबाट ५ वटा ड्रम रु.१५,०००।- र ११४ मि. एच.डि.पि.ई.पाइप प्रतिमिटर रु.५० का दरले रु १,४९,१६०।- मा खरिद गरको छ । उक्त जिन्सी समान दाखिला तथा वितरणको विवरण पेश भएको छैन । अतः सोको अद्यावधिक अभिलेख तयार गरी जिन्सी स्रेस्ता व्यवस्थित गर्नुपर्दछ ।

४८ **बढी भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६३ र ६४ मा स्थानीय निकायले निमार्ण कार्यको लागत अनुमान तयार गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा उल्लेख छ । कार्यालयले यस कार्यक्रम अन्तर्गत खानेपानी सम्बन्धी २ योजनाहरु उपभोक्ता समितिबाट गराउँदै लागत अनुमान भन्दा फरक दरले कार्यसम्पादन तयार गरी थप व्ययभार परेको रु.१,००,४६८।- को पुष्ट्याइँ हुनुपर्दछ ।

४९ **वास्तविक खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(६) मा खरिद सम्झौतामा

अघिल्लो बिल वीजकमा भुक्तानी बढी भएमा त्यसपछिको रनिङ बिल वा अन्य कुनै बिल वीजकमा त्यस्तो भुक्तानी रकम सच्चाउन वा हेरफेर गर्न सक्ने व्यवस्था छ । कार्यालयले एक खानेपानी योजनामा एक उपभोक्ता समितिलाई ३०० मिटरको रु.६८,१००।- मात्रको मूल्याङ्कन देखिएकोमा रु.१,००,०००।- भुक्तानी गरेकोले रु.३१,९००।- असुल गर्नुपर्ने देखिन्छ ।

५० **सामग्री खरिद** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७७ मा रु १० लाख सम्मको निमार्ण कार्य वा मालसमान खरिद सिलबन्दी दरभाउ पत्रद्वारा तथा सो भन्दा बढी भएमा नियम ७८ अनुसार बोलपत्रको माध्यमबाटै खरिद गनुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ख) (२) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा /टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले परियोजना अन्तर्गत सञ्चालन हुने खानेपानी तथा सरसफाई योजनाका लागि आवश्यक पर्ने पाइप, फिटिङ्गस, सिमेन्ट, सरिया आदि लागत अनुमानकै दरमा आपूर्तिकर्ताबाट रु.७४,८९,७५०।- मूल्य बराबरको सामान सोझै खरिद विधिबाट आपूर्ति गराई उपभोक्ता समितिमार्फत भुक्तानी दिने गरको पाइयो । प्रतिस्पर्धा बेगर सीमित फर्मबाट सोझै खरिद गरेको छ । यस सम्वन्धमा गत विगत वर्षको प्रतिवेदनमा औंल्याइएको भएतापनि स्थितिमा सुधार भएको छैन ।

५१ **कर समायोजन :** मूल्य अभिवृद्धि कर ऐन, २०५३ को अनुसुचि ५ र ५(क) बमोजिमका दर्तावाल फर्मले जारी गरेको कर बीजकबाट मूल्य अभिवृद्धि कर सहित भुक्तानी गर्नुपर्दछ । कार्यालयले ४ फर्महरुलाई उपभोक्ता समिती मार्फत मूल्य अभिवृद्धि कर रु.१०,४७,५३३।- भुक्तानी दिएकोमा फर्महरुको बिजक दोहोरो अङ्क परेको छ । यस प्रकारका बिजकबाट मूल्य अभिवृद्धि कर भुक्तानी भएको रु.१०,४७,५३३।- का सम्बन्धमा सम्बन्धित फर्मको कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्दछ ।

५२ **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिद सम्झौता बमोजिम दश लाख भन्दा बढी मूल्यको निमार्ण कार्यमा निमार्ण व्यावसीयले तोकिएको व्यवस्था बमोजिम बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले तीन वटा ठेक्का सम्झौतामा बिल अफ क्वान्टिटीज बमोजिम बीमा गरी प्रिमियम भुक्तानी लिएको पाइएन । जोखिम न्यूनिकरण गर्न तोकिए बमोजिम बीमा गर्नुपर्दछ ।

५३ **सुविधा** : सार्वजनिक लेखा समितिको २०६९।१०।०५ गतेको निणर्य अनुसार बिल अफ क्वान्टिटीजमा समावेश गरी मेशिनरी उपकरण, गाडी, भौतिक सुविधा तथा कार्यालय सुविधा सहित सम्झौता गर्न नहुने व्यवस्था गरेको छ । कार्यक्रमबाट तीन ठेक्कामा बिल अफ क्वान्टिटीजबाट विभिन्न सुविधा समावेश गरेको देखिएकोले सार्वजनिक लेखा समितिको निर्देशनलाई पालना गर्नुपर्दछ ।

५४ **कर समायोजन** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार दर्तावाल फर्मले वस्तु वा सेवा आपूर्ति गर्दा प्रत्येकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक जारी गर्नु पर्दछ । कार्यालयले कैफियत देखिएका कर विजकबाट मूल्य अभिवृद्धि कर रु.१३,३९,२७२।- भुक्तानी दिएको पाइएकोले सोको समायोजन विवरण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

५५ **सडक निर्माण** तेस्रो चौमासिकको अन्त्यमा थप बजेट रु. १,००,००,००/– थप आख्तियारी र निर्माण कार्यक्रम प्राप्त भएपछि ठेक्का सम्झौता भएको एक सडक खण्डको निर्माण २०७३।३।१० मा रु.९९,०३,८१३।- स्वीकृत भई २०७३।३।३० मा कार्यसम्पन्न भुक्तानी प्राप्त गरेको सन्र्दभमा देखिएका व्यहोरा निम्नानुसार छन् :

५५.१ स्वीकृत बि.ओ.क्यू. रु.१,११,९१,३०९।- भन्दा २६,८७,४९५।- घटी अंक रु.८५,४९,५८४।- मा कार्य सम्पन्न गरेको देखियो । यसरी २४.०२ प्रतिशत घटीको भेरिएसन आदेश वेगर रु.८५,४९,५८४।- भुक्तानी गरेको कार्य नियमसङ्गत देखिएन ।

५५.२ बि.ओ.क्यू. मा बाटो ग्रेड मिलाउने, चट्टान कट्ने, माटो खन्ने जस्ता आइटम समेत समावेश भएकोमा ग्याबियन तार जाली र रिटेनिङ वाल मात्रको भुक्तानी दिई कार्यसम्पन्न गरेको देखिएन ।

५६ **स्थलगत अवलोकन** : कार्यालयबाट सञ्चालन भैरहेको योजनाको २०७३।१०।२५ र १०।२७ गते स्थलगत अवलोकन गरिएको छ। स्थलगत अवलोकन गर्दा देखिएका व्यसिप मनाहोरा देहायबमोजिम रहेका छन् :

५६.१ स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत सडक खन्ने कार्य गर्न एक निर्माण व्यवसायिसगँ २०७३।१।२७ मा रु.५२,१९,९९०।- मा संभ्फौता भई निर्माण व्यावसायी लाई रु.३५,४६,७८८।- भुक्तानी भएकोमा गत विगतका वर्षमा समेत रु.१,१०,००,३३७।- खर्च भई ट्र्याक खोली स्तरोन्नति भै राखेको देखियो। उक्त सडकमा स्थलगत अनुगमनमा जाँदा गोकुलेश्वर-दार्चुला राजमार्गको धाप खण्डवाट ३ सय मिटर सम्म पनि मोटरवाट जान सकिएन । सुख्खा मौसममा रोड हेडबाट सय मिटर मात्र पनि मोटर जान नसक्ने अवस्थाले हालसम्मको यस सडकमा गरिएको खर्चको सदुपयोग भैरहेको छ भन्न सकिएन ।

५६.२ निर्माण सम्पन्न भै ७५ घरधुरी समुदायमा विद्युत वितरण भै राखेको एक लघु जलविद्युत योजनाका लागि जिल्ला विकास समिति अनुदान समपूरक कोषवाट रु.१,००,०००।- अनुदानको स्थलगत अनुगमनका समयसम्म पनि प्राप्त अनुदानलाई खर्च गरेको पाइएन। पानीको डिस्चार्ज राम्रो रहेको तर डाइनामो सञ्चालन र वन्द गर्न हरेक पटक इनलेट भएको स्थान करिव १.५ कि.मि.पहाड चढ्नु पर्ने अवस्था रहनुका साथै हाल सम्म जिल्ला विकास समिति उर्जा शाखा तथा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट अनुगमन निरीक्षणमा नआएको जानकारी प्राप्त भएको छ ।

५७ **सामाजिक सुरक्षा** : सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संचालन कार्यविधि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ जारी गरेको छ। जनगणना २०६८ अनुसार जिल्लाको कूल जनसंख्या १३३,२७४ रहेको छ । २०७२।७३ मा ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग, एकल महिला र दलित बालबालिका समेत ११,१२० जनालाई सामाजिक सुरक्षा भत्ता रु.८,९६,७८,४६६।- वितरण गरेको जिल्ला विकास समितिको प्रगतिमा देखाएको छ। यो संख्या जिल्लाको कूल जनसंख्याको ८.३४ प्रतिशत छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

५७.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को दफा १३ उपदफा ६(क)मा प्रत्येक नगरपालिका गाउँ विकास समितिमा भत्ता वितरण गर्दा वडा नागरीक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ सस्था प्रतिनिधि र स्थानीय भद्र भलादमीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी सो को प्रति लेखापरीक्षणको लागि भरपाईसँग राख्नु पर्ने उल्लेख छ। भत्ता वितरणको भरपाई साथ मुचुल्का तयार गरी राखेको पाइएन

५७.२ कार्यविधिको दफा १३ को उपदफा ६(घ) मा प्रत्येक चौमासिकमा वितरण गरेको रकमको भरपाई भुक्तानी गरेको पन्ध्र दिन भित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिमा पठाउनु पर्ने उल्लेख छ । गाउँ विकास समितिको चौमासिक अवधि बितेको १५ दिन भित्र पेश्की फछ्र्यौटको लागि भरपाई पेश हुने गरेको देखिएन ।

५७.३ भत्ता वितरण कार्यलाई पारदर्शी र सुनिश्चित गर्नको लागि जिल्ला विकास समितिको कार्यालयले गाउँ विकास समिति, नगरपालिकामा गत आर्थिक बर्षमा भत्ता पाउने लक्षित समूहको नामावली चालु आर्थिक वर्षको पौष महिना भित्र तयार गरी सम्वधित गाउँ विकास समिति, नगरपालिकामा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र सम्बन्धित मन्त्रालयहरुमा अनिवार्य रुपमा पठाई आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने, भत्ता वितरणको निरीक्षण र अनुगमन समेत गर्नु पर्ने उल्लेख भएकोमा सो बमोजिम भए, गरेको पाईएन । यो वर्ष गाउँ विकास समिति भत्ता वितरण भएको रु.८,९६,७८,४६६।- को भर्पाइ मात्र पेश भएकोले कार्यक्रम व्यवस्थित, पारदर्शी र प्रभावकारी वनाउन कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

५८ **पेश्की** : यस वर्ष दिएको पेश्कीमध्ये ४ जना व्यक्ति, १६ वटा उपभोक्ता समिति, १० गाउँ विकास समिति, ४ फर्म, ३ गै.स.स. र १ विद्यालय समेत ३८ व्यक्ति तथा संस्थाको पेश्की २०७३ आषाढ मसान्तसम्म फछ्र्यौट भएको नपाइएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम रु.२,०९,४५,११४।- फछ्र्यौट गर्नु पर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **खर्च संरचना** : कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार प्रथम, दोस्रो तथा तेस्रो चौमासिकमा सञ्चालन गरीने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरेकोमा कार्यालयले तेस्रो चौमासिकमा मात्र ५ वजेट शीर्षक ५ कार्यक्रममा २१.८ देखि शत प्रतिशतसम्म तथा असार महिनामा पनि २१.८ देखि शत प्रतिशतसम्म खर्च गरेको पाइयो । तेस्रो चौमासिक र आषाढ महिनामा मात्र रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयबाट सम्पादन हुने कार्यलाई कुशल, प्रभावकारी, मर्यादित र प्रणालीयुक्त बनाउन ऐन, नियम, कार्यविधिको पूर्णतः पालना गरीनु पर्दछ ।कार्यालयले वार्षिक खरिद योजना तयार नगरेको र कार्यक्रम खर्च खाता राखेको पाइएन । उल्लेखित पक्षहरुमा सुधार ल्याई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

३. **अनुदानको प्रगति तथा लेखापरीक्षण** : शिक्षा नियमावली, २०५९ को नियम १७१ मा प्रत्येक विद्यालयले आफ्नो आय व्यय तथा अनुदान रकमको तोकिए बमोजिम लेखापरीक्षण गराई सोको प्रगति विवरण पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट उपलब्ध विवरण अनुसार यो वर्ष ३४९ विद्यालय, १९ सामुदायिक अध्ययन केन्द्र, १ गृहिणी विद्यालय, १ खुला विद्यालय र २ प्राविधिक धारका विद्यालयलाई अनुदान रकम रु. ५४,२४,०७,६८३।- उपलव्ध गराएकोमा २६० विद्यालयले मात्र प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखियो । शिक्षा ऐन तथा नियमावलीको व्यवस्था अनुसार अनुदानको प्रभावकारिता कायम गर्न लेखापरीक्षण गराईं प्रगति पेश गर्न लगाउन कार्यालय सक्रिय हुनुपर्दछ ।

४. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६ को नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा, त्यसको लगत, संरक्षण तथा बरबुझारथ सम्बन्धमा व्यवस्था छ । कार्यालयले पेश गरेको जिन्सी मौज्दातको बिबरण अनुसार कार्यालयमा रहेका ८६ प्रकारका जिन्सी सामानहरु मध्ये १६ किसिमका मालसामानहरु मर्मत गर्नुपर्ने र ११ किसिमका -डिजिटल क्यामरा, ल्यापटप, एच पि प्रिन्टर, कम्प्यूटर र विभिन्न फर्निचर

लगायतका सामानहरु मर्मत हुन नसक्ने र लिलाम गर्नु पर्ने भनी उल्लेख छ। उल्लिखित सामानहरु लिलाम तथा मर्मत गरी जिन्सी स्रेस्ता दुरुस्त राख्नु पर्दछ।

५. **क्षमता अभिवृद्धि** : सामुदायिक विद्यालयहरुको क्षमता अभिवृद्धि गरी प्राविधिक धारतर्फ शैक्षिक गुणस्तर वढाउदै मध्यम तहका स्थानीय स्तरमा आवश्यक जनशक्ति उत्पादन गर्नको लागी सामुदायिक विद्यालयहरुलाई थप शैक्षिक सामाग्री ,प्रयोगशाला सामाग्री तथा कार्यक्रम अनुदान स्वरुप एकमुष्ट रकम निकासा दिने व्यवस्था छ । दुई सामुदायिक विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि पठाईएको रकम रु.३४,६००००।- को विवरण प्राप्त गरी कार्यालयवाट अनुगगमन गर्नु पदंछ ।

६. **विद्यालय क्षेत्र सुधार** : शिक्षा विभागबाट २०७२।०७३ मा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका विद्यालय भवन निर्माण, कक्षा कोठा निर्माण, शौचालय निर्माण, जस्ता निर्माण कार्य संवेदनशील प्रकृतिको भएकोले त्यस्ता निर्माण कार्यमा निर्माण सामग्री देखि निर्मित संरचना गुणस्तरीय हुनु पर्ने व्यवस्था छ। कायले ४६ विद्यालयलाई भौतिक सुविधा विस्तार कार्यक्रम अन्तर्गत प्रदान गरेको निकासा रकम रु.५,८६,००,०००।- को भवन निर्माणमा तोकिएको गुणस्तर अनुसार भौतिक सुविधा विकास भए नभएको सम्बन्धमा अनुगमन गरी कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्दछ।

७. **अग्रिम कर** : आयकर ऐन, २०५८ मा  सरकारी निकायले ऐनले गरेको व्यवस्था वमोजिम अग्रिम आयकर कट्टी गरेर मात्र भुक्तानी दिनुपर्दछ। कार्यालयले विद्यालय क्षेत्र सुधार कार्यक्रम तर्फ ५ एफ एम रेडियोलाई भुक्तानी गर्दा प्यान दर्ता नभएका संग १५ प्रतिशतका दरले कर कट्टी नगरी भुक्तानी दिएको छ। उक्त कर कट्टी गर्न छुट भएको रकम रु. ९७५०।- असुल गर्नु पर्दछ।

८. **छुट बहाल कर** :आयकर ऐन, २०५८ अनुसार ढुवानी भाडाको साधनमा १० प्रतिशतका दरले वहाल कर कट्टी गरी भुक्तानी दिनुपर्दछ। एक विद्यालय निरीक्षकले एस.एल.सी. परीक्षा सञ्चालनार्थ लिएको पेश्की फछ्र्यौट गर्दा सम्झौता अनुसार नेपालगञ्जसम्म उत्तर पुस्तिका ढुवानीका लागि रु.५०,०००।- भाडा रकम भुक्तानी गरेकोमा छुट भएको बहाल कर रकम रु.५,०००।- असुल गर्नुपर्ने देखिन्छ।

९. **वढी निकासा** : एक  उच्च माध्यमिक विद्यालयमा नयाँ नियुक्ति भएका दुई शिक्षकलाई दोस्रो चौमासिक तलव  निकासा दिँदा बढी निकासा भएको रकम रु. ११,३४०।- असुल गर्नुपर्दछ।

१०. **पेश्की फछ्र्यौट** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा तोकिएको कार्य सम्पन्न भएपछि २१ दिन भित्र पेश्की रकमको बिल भर्पाइ सहित फछ्र्यौट गराउने दायित्व पेश्की लिने र दिनेको हुने व्यवस्था छ। कार्यालयले कर्मचारीहरुको रु.८,७५,५००।- पेश्की फछ्र्यौट गर्दा बिल तथा फाँटवारी बेगर फछ्र्यौट गरेको रु.२२,५५०।- असुल गर्नुपर्ने देखिन्छ।

११. **अनुदानको उपयोग** : क्षेत्रीय शिक्षा निर्देशनालय, डोटीवाट प्रकोप प्रभावित विद्यालयकालागि प्राप्त भएको रकम वाट तोकिएको क्रियाकलाप सञ्चालन हुने गरी विद्यालयलाई अनुदान दिने प्रयोजनकोलागि रु.३,८३,५०८।- ड्राफ्ट प्राप्त भएकोमा चार (४) विद्यालयलाई उपलव्ध गराएको अनुदान रकम रु.३,८३,५०८।-को तोकिएबमोजिम कार्य सम्पन्न भए नभएको अनुगमन गरी प्रमाण पेश गर्नुपर्दछ।

१२. **फरक शीर्षक** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा तोकिएको खर्च शीर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। कार्यालयले शिक्षाको लागि खाद्य कार्यक्रमतर्फ करार सेवामा कार्यरत ६ कर्मचारीहरुको पारिश्रमिक तलब खर्च शीर्षकबाट भुक्तानी गरेको रकम रु.१,७५,०६०।- नियमित गर्नुपर्दछ।

१३. **राजश्व** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजस्व लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत लेखा ढाँचा अनुसार म.ले.प.फा.हरुको प्रयोग गरी राजश्व आम्दानी तथा दाखिला दुरुस्त राख्नुपर्नेमा सबै म.ले.प.फा.नं.हरु प्रयोगमा ल्याईएको पाइएन । कार्यालयमा प्राप्त नगद तथा बैंक मार्फत प्राप्त भएको रकम तोकिएको म. ले प. फा. नं. भरी भोलिपल्ट नै बैंक दाखिला गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ । कार्यालयले यो वर्ष कुल राजस्व रु. ४३,८७,५३२।- आम्दानी देखाएकोमा नगदी रसिदबाट गरेको आम्दानी मध्ये रु. १२,०७,९००।- बैंक दाखिला भएको नदेखिएको सम्बन्धमा नगद आम्दानी रसिद, बैंक दाखिला भौचर लगायत राजश्व सम्बन्धी स्रेस्ता यकिन गरी टुङ्गो लगाउनु पर्दछ ।

१४. **धरौटी** : आर्थिक कार्याविधि नियमावली, २०६४ मा आवश्यक प्रमाण कागजातका आधारमा प्रयोजन समाप्त भए पछि धरौटी फिर्ता गर्ने वा प्रकृया पुऱ्याई सदरस्याहा गर्ने देखि वाहेक धरौटी मौज्दातबाट अन्य प्रयोजनमा खर्च गर्नु हुँदैन । कार्यालयले अध्यापन अनुमति पत्र सम्वन्धी परीक्षा सञ्चालन वापत विद्यालय निरीक्षकलाई रु. २,१३,३८१।- धरौटी खातावाट पछि सोधभर्ना हुने गरी पेश्की उपलब्ध गराएको कार्य नियमित देखिएन ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **अन्तिम चौमासिक खर्च** : कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार प्रथम, दोस्रो तथा तेस्रो चौमासिकमा सञ्चालन गरीने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरीएकोमा कार्यालयले तेस्रो चौमासिकमा मात्र विभिन्न ११ कार्यक्रममा ३४.५ देखि शत प्रतिशतसम्म तथा असार महिनामा मात्र ११.२ देखि ९०.७ प्रतिशतसम्म खर्च गरेको पाइयो । तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठूलो रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

२. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा, त्यसको लगत, संरक्षण तथा बरबुझारथ सम्बन्धी व्यवस्था छ। कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी उक्त मालसामान मर्मत तथा लिलाम गर्ने तर्फ आवश्यक कारवाही अगाडी वढाएको देखिएन । कार्यालयको जिन्सी खातामा आम्दानी देखायएका कतिपय मालसामानको मूल्य कायम गरेको पाइएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी व्यवस्था र मालसामानको मूल्य खुलाई जिन्सी खाता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३. **लक्ष्य प्रगति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ । स्वीकृत वार्षिक कार्यक्रम अनुसारको प्रगति हासिल हुन नसकेको देखिएको छ । यस कार्यालयका १६ कृयाकलापको भौतिक प्रगति **७५** भन्दा न्यून रहेका छ। न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्दछ ।

४. **दरबन्दी तथा पदपूर्ति** : निजामती सेवा ऐन, २०४९ को दफा ७ मा दरबन्दी अनुसार पदपूर्ति हुनुपर्ने व्यवस्था छ। कार्यालय र अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाहरुको आ.व. २०७२।७३ को कर्मचारी दरबन्दी विवरण अनुसार जिल्ला स्वास्थ्य कार्यालय र अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाहरुको कूल दरबन्दी २८६ रहेकोमा २२९ मात्र पूर्ति भई ५७ पदहरु रिक्त रहेको देखिन्छ। दरबन्दी अनुसार पदपूर्ति गर्ने तर्फ आवश्यक कारवाही हुनुपर्दछ ।

५. **करारमा नियुक्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(३) अनुसार एक लाख रुपैयाँभन्दा बढी सेवा शुल्क लाग्ने सेवा आपूर्ति गर्न सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक

प्रक्रिया अपनाई सेवा लिनु पर्नेमा कार्यालयले विभिन्न १५ कर्मचारीहरु उल्लेखि प्रक्रिया पूरा नगरी करारमा राखी यस वर्ष रु. १६ लाख २ हजार खर्च गरेको छ ।

६. **जिन्सी व्यवस्थापन** : निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ अनुसार निःशुल्क वितरणका लागि औषधी आपूर्ति गर्दा प्रत्येक औषधीमा नेपाल सरकारबाट निःशुल्क वितरणका लागि भन्ने लोगो लागेको हुनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा औषधीको भण्डार स्थल निरीक्षण गर्दा छनौट गरेका १० किसिमका औषधीमध्ये ६ किसिमको औषधीमा निःशुल्कको लोगो रहेको पाइएन ।

जिल्ला स्वास्थ्य कार्यालयबाट जिल्ला अस्पताललाई समयसमयमा हस्तान्तरण फाराम भरी निःशुल्क औषधी उपलव्ध गराउने गरेकोमा जिल्ला अस्पतालको जिन्सी शाखाले दाखिला गरी सोको प्रतिवेदन जिल्ला स्वास्थ्य कार्यालयलाई उपलव्ध गराउने गरेको देखिएन । अस्पतालले हस्तान्तरण भई आएका औषधी उपकरणहरुको जिन्सी दाखिला गर्ने र सोही आधारमा जिल्ला स्वास्थ्य कार्यालयले जिन्सी मौज्दात अद्यावधिक गर्नुपर्दछ ।

७. **अग्रिम कर** : आयकर ऐन, २०५८ अनुसारको भुक्तानी गर्दा सरकारी निकायले भुक्तानी पाउनेबाट १५ प्रतिशतको दरले कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्दछ । कार्यालयले ६ स्थानीय एफ.एम रेडियो र छापासञ्चारलाई भुक्तानी गर्दा ऐनको व्यवस्था वमोजिम अग्रिम कर कट्टी गरी दाखिला नभएको रु.४३,६५०।- सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **फरक शीर्षकबाट** : हात्तीपाईले रोग निवारण कार्यक्रमका लागि जनस्वास्थ्य अधिकृतले लिएको पेश्की रु. ३३,६१,१२५।- फछ्र्यौट गरेकोमा सो कार्यक्रममा रु.७,७५,८७७- को खर्च देखाई अन्य समयमा अनुगमनमा खटिएका विभिन्न कर्मचारीहरुलाई खर्च भुक्तानी गरेको देखिएकोले उक्त खर्चको सम्बन्धमा कार्यालयबाट यकिन गर्नुपर्दछ ।

९. **फरफारक** : पेश्की फछ्र्यौट गर्दा आवश्यक बिल, भर्पाई तथा अन्य आवश्यक प्रमाण कागजात सलंग्न गरी फछ्र्यौट गर्नुपर्दछ । कार्यालयले एक कर्मचारीको पेश्की रु.३००,०००।- फछ्र्यौट गरी सोधभर्ना भुक्तानी रु.३,३६,०००।- गर्दा रु.३,१०,४५३।- को बील, फाँटवारी कागजात सलंग्न भएकोले विल भन्दा बढी खर्च लेखेको रु २५५४७- असुल गर्नुपर्दछ ।

१०. **निःशुल्क स्वास्थ्य** : कार्यालयले निःशुल्क स्वास्थ्य कार्यकम सञ्चालन गर्दा तोकिएको नर्म्स बमोजिम निशुल्क सेवा लिने विरामीको अभिलेख सहित खर्च व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश्की रु.६०,०००।- फछ्र्यौट सहित रु.१,२०,०००।- को कारोबार विवरण साथ नर्स र विरामीको अभिलेख नखुलाई निःशुल्क स्वास्थ्य कार्यक्रम सञ्चालन गरेको देखिएकोले सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

११. **इन्धनको उपयोग** : पेट्रोलियम इन्धन उपयोग भई सञ्चालन हुने मेशिनरी उपकरणको इन्धनको उपयोग व्यवस्थापन गर्न इन्धन लगबुक वा नियन्त्रण खाताको व्यवस्था हुनु पर्दछ । कार्यालयले पेश्की फछ्र्यौट गर्दा कोल्ड चेन सुपरभाइजर कोल्ड चेन रेफ्रिजेरेटरहरु व्यवस्थापन वापत एक फर्मवाट वर्षान्तमा देहायबमोजिम एकमुष्ट खरिद गरेको मट्टीतेल २२६५ लिटर (प्रतिलिटर रु.१००) को कुल मूल्य रु.२,२६,५००।- को लगबुक वा नियन्त्रण खाता राखेको देखिएन । कार्यालयले खरिद एवं खपत खुल्ने गरी नियन्त्रण खाताको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१२. **दाखिला फरक** : एक जनस्वास्थ्य अधिकृतले कार्यक्रम खर्च पेश्की फछ्र्यौट गर्दा रु.६,४२,८७५।- संचित कोष दाखिला गर्नुपर्नेमा रु.३,२८,४५०।- मात्र दाखिला गरेकोले फरक परेको रकम

रु.३,१८,४५०।- को सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्ने देखियो । यस्तै जिल्ला स्तरीय इन्चार्जहरुको योजना तर्जुमा गोष्ठी सञ्चालनार्थ १ कोल्ड चेन सुपरभाइजरले लिएको पेश्की फछ्र्यौट हुँदा बाँकी रकम जिल्ला अस्पताल कोष तर्फ रु.१,८९,८६५।- नगद दाखिला गरी हिसाव मिलान गरेको देखियो । उक्त रकम रु.५०८३१५।- को सम्वन्धमा यकिन गर्नुपर्दछ ।

१३. **कार्यक्रम पेश्की** : कार्यक्रम सञ्चालन गर्ने प्रयोजनकोलागि पेश्की उपलव्ध गराउँदा कार्यक्रमको क्रियाकलापगत लागत अनुमान स्वीकृत गरी पेश्की उपलव्ध गराई सोही वमोजिम आवश्यक विल वीजक राखी पेश्की फछ्र्यौट गर्नुपर्दछ। कार्यालयले व.उ.शि.न. ३७०८०४३ अन्तर्गत रातो किताव मार्फत दाताको सोझै भुक्तानी हुने अख्तियारी प्राप्त ६ कार्यक्रम सञ्चालन गर्न दुई कर्मचारीलाई लागत अनुमान वेगर पेश्की दिएको फछ्र्यौट गरी वचत रकम रु.१२,४२,९२९।- दाखिला गरेको विवरण संलग्न गरेको छ। कार्यालयले कार्यक्रम कार्यान्वयनमा भएको खर्च रु.१,०७,११,४९७- का सम्बन्धमा यकिन गर्नु पर्दछ ।

१४. **सम्झौताभन्दा वढी भुक्तानी** : सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२४(१) अनुसार खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई भएको खाद्य तथा पोषण सम्वन्धी घटी कवोल अङ्क रु. १०,७४,१२२।- (मूल्य अभिवृद्धि कर) जिन्सी समेत भएकोलाई भुक्तनी गरीसकेपछि वोलपत्रवाट आपूर्ति भएका समाग्री पूनः खरिद गरी रु.१,५९,३३०।- (मू.अ.कर समेत) भुक्तानी गरेको छ । वोलपत्रको माध्यमवाट सामान खरिद गरीसके पछि पुन वढी मूल्य भएका सामाग्री सोही आपूर्तिकर्ताको घटी अङ्क पूर्ति हुने गरी खरिद गरेको कारोवार रकम रु.१,५९,३३०।- नियमसंगत देखिएन ।

१५. **बढी भुक्तानी** : करारका कर्मचारीहरुलाई सम्झौतामा उल्लेख भए बमोजिमको दरमा सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । कार्यालयले २०७२।१२।१ मा सम्झौता गरी सेवामा लिएका १० स्वास्थ्यकर्मीलाई रु.१२,५००।- का दरले मासिक सेवा सुविधा भुक्तानी गर्नुपर्नेमा रु.१३,२००।- का दरले भुक्तानी गरेको देखियो । अतः सम्झौताभन्दा बढी भुक्तानी गरेको रकम रु.२८,०००।-असुल गर्नुपर्दछ ।

१६. **स्रोत फरक परेको** : लेखा स्रेस्ता तयार गर्दा वैदेशिक स्रोत फुकुवा तथा निकासा प्राप्त भएपछि खर्च गरी स्रेस्ता खडा गरी राख्नुपर्दछ। कार्यालयले जेम्फ्याट नगद अनुदान तर्फको कार्यक्रम खर्च शीर्षक २२५२२ बाट निकासारफुकुवा प्राप्त भएपछि खर्च गर्नुपर्नेमा अगावै खर्च गरी स्रोत फरक परेको रकम रु.११,०२४।-स्रोतान्तर गर्नुपर्दछ ।

१७. **फरक कार्यक्रमबाट खरिद** : तोकिएको अख्तियारी, विनियोजन तथा खर्च शीर्षकबाट कारोबार गरी लेखा स्रेस्ता दुरुस्त राख्नुपर्दछ। कार्यालयले ब.उ.शि.न. ३७०८०४४ को खर्च शीर्षक नं. २९४११ बाट सवारी साधन मोटरसाइकल खरिद गर्नुपर्नेमा ब.उ.शि.न. ३७०८०४३ को २२५२२ कार्यक्रम खर्चबाट खरिद गरी एक फर्मलाई रु.१,९७,०००।- भुक्तानी गरेको छ । फरक शीर्षकबाट मोटरसाइकल खरिद गरेको रकम रु १,९७,०००।- नियमित गर्नुपर्दछ ।

१८. **प्रतिस्पर्धा बेगर खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । कार्यालयले यस वर्ष औषधि, न्यानो झोला, फर्निचर, निर्माण कार्य आदि खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधिवाट नगरी सोझै खरिद प्रकृयावाट १३ विभिन्न फर्मसंग खरिद गरेको देखिन्छ। सार्वजनिक खरिद ऐनको प्रावधान विपरीत सोझै खरिद गरीएको रकम रु. ६८,५४,४२२।- नियमित देखिएन ।

१९. **कर वीजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेकोमा वाहेक प्रापकलाई अनुसूची-५ र ५ (क) बमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कैफियत देखिएका १४ कर वीजकवाट मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोले उक्त मूल्य अभिवृद्धि कर रकम रु.५,२३,५७७- को समायोजन बिवरण पेश गर्ने अन्यथा सम्वन्धितबाट असुल गर्नुपर्दछ ।

## दार्चुला-टिङ्कर सडक योजना

१. **चौमासिक खर्च** : बार्षिक कार्यक्रम अनुसार विभिन्न बजेट शीर्षकमा प्रथम, दोश्रो र तेश्रो चौमासिकमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम तय गर्नु पर्नेमा योजनाको कुल पूँजीगत खर्च रु.३,०९,१९,५३१।- मध्ये तेश्रो चौमासिकमा रु.१,८१,६२,४१६।- र आषाढ महिनामा रु.१,२७,४४,२०५।- अर्थात कूल खर्चको ५८.७ प्रतिशत तेस्रो चौमासिकमा र ४१.२ प्रतिशत आषाढ महिनामा खर्च गरेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठुलो रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

२. **लक्ष्य/प्रगति** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २६ मा योजनाको वित्तीय तथा भौतिक प्रगतिको समीक्षा गरी सुधारका कार्यबिधि अबलम्बन गर्नु पर्नेमा योजनाले पेश गरेको वार्षिक लक्ष्य प्रगति विवरण अनुसार महाकाली लोक मार्ग तर्फ लागतको तुलनामा शुरु अवधिदेखि हालसम्मको प्रगति ३०.७९ प्रतिशत मात्र भएको छ । नयाँ ट्र्याक खोल्ने, मोड सुधार तथा ग्रेड सुधार गर्ने प्रमुख कार्य गर्नुपर्ने यस योजनाका लागि विष्फोटक पदार्थको उपलव्धता नहुनु प्रमुख कारण देखिएको छ। ठेक्का व्यवस्थापनमा चुस्तता र विष्फोटक पदार्थको उपलव्धताको लागि तालुक निकायबाट आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** : जिन्सी निरिक्षण प्रतिवेदन कार्यान्वयन हुनुपर्दछ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छनः

३.१ जिन्सी निरिक्षण प्रतिवेदन अनुसार स्टिल दराज थान ४ लगायतका ४५ किसिमका मालसामान मर्मत हुन नसकी लिलाम गर्नुपर्ने भनी उल्लेख भएको र मर्मत गर्नु पर्ने भनी डेस्कटप कम्प्युटर थान ३ लगायतका विभिन्न मालसामान मर्मत गर्ने तर्फ योजनाले आवश्यक कारवाही अगाडि बढाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार तथा लिलाम बिक्री सम्वन्धी कारवाही गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ ।

३.२ नियमावलीको नियम ४७ (४) मा कार्यालयमा मौज्दात रहेका मालसामान मध्ये कारणवश मूल्य खुल्न नसकेका मालसामानको हकमा तोकिएबमोजिमको समितिले त्यस्तो मालसमाानको अवस्था र प्रचलित बजार मूल्य समेत विचार गरी मूल्य कायम गरीराख्नु पर्ने व्यवस्था छ। कार्यालयको जिन्सी खातामा आम्दानी देखाइएका ५ विभिन्न जिन्सी सामग्री ६ थान मालसामानको मूल्य कायम गरेको पाइएन । उक्त पूँजीगत मालसामानको मूल्य खुलाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

४. **नापी किताव** : सार्वजानिक खरिद् ऐन,२०६३ को दफा ७२ अनुसार खरिद एबं निर्माण सम्बन्धी अभिलेख नापी किताव समेत विभिन्न म.ले.प.फारामहरु तयार गरी राख्नुपर्ने व्यवस्था गरेको छ । योजनाले नापी कितावको सट्टामा एकिकृत नापी किताबको रुपमा कम्प्यूटरकृत इन्टेरीम पेमेन्ट सर्टिफिकेट रनिङ्ग बिल वाईज तयार गर्ने गरेको छ । नापी किताव नियन्त्रणखाता म.ले.प.फा.न. १९२ अनुसार आई.पि.सी. लाई नियन्त्रण र व्यवस्थापन गर्ने गरेको छ। कम्प्यूटर डाटाको सुरक्षण सहित आयोजनाले तोकिएको म.ले.प.फारामहरु तयार गर्नुपर्दछ ।

५. **संयुक्त उपक्रम :** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १०(ख) मा निर्माण व्यवसायीले संयूक्त उपक्रमको रुपमा ठेक्का सम्झौता गर्दा दर्ता हुनुपर्ने र यस्ता संयुक्त उपकमले उपक्रम खडा गर्दा गरेको सम्झौतामा लेखिएको अवधि समाप्त भएपछि दर्ता खारेज गर्नुपर्ने व्यवस्था छ । टिङ्कर सडक योजना अन्तर्गत कार्यान्वयनमा रहेका महाकाली लोकमार्ग निर्माण सम्झौताका निर्माण व्यवसायीहरुले एक कार्य/उदेश्यका लागि संयूक्त उपक्रम सम्झौता गरी मू.अ. करमा दर्ता गर्ने अन्य कार्य /उद्देश्यमा स्थायी प्रकृतिको फर्मका रुपमा कार्य गर्ने गर्दा फर्मको योग्यता मूल्यांकनमा प्रभाव पार्ने, राज्यलाई वुझाउनु पर्ने दायित्व समयमै फरफारक नहुने अवस्था सिर्जना हुन जान्छ । अतः पुरानो दायित्व फरफारक गराई संयुक्त उपक्रमलाई निर्माण कार्यमा संलग्न गराउनु पर्ने देखिन्छ ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष त्यस योजनाले विभाग पठाएको रु.१० लाख सहित रु.४१,४५,४६०।- कन्टिन्जेन्सी सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरीने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्दछ ।

६.२ कूल निर्माण खर्चको तुलनामा कन्टिन्जेन्सी खर्च १.३४ प्रतिशत हुने देखिन्छ । महालेखा नियन्त्रक कार्यालयले २०६७ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखाकन गर्नुपर्ने रकमहरु जस्तै दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी मर्मत, स्टेशनरी छपाई लगायतका कार्यमा खर्च गरेको रु.४१ लाख ४५ हजार समेत खर्च संकेत नं. २९६११ सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन । कार्यालय सञ्चालनसँग सम्बन्धित खर्चहरुको लागि नियमित शीर्षकमा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही शीर्षकमा बजेट माग गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

७. **गाडी भाडा भुक्तानी** : सार्वजनिक लेखा समितिको २०६९।१०।०५ गतेको निर्णय अनुसार बिल अफ क्वान्टिटिजमा समावेश गरी मेशिनरी उपकरण, गाडी खरिद गर्ने वा भाडामा लिने व्यवस्था सहित सम्झौता गर्न नपाइने व्यवस्था गरेको छ । योजना कार्यालयले निम्नानुसारका ठेक्काको बिल अफ क्वान्टिटिजमा गाडी र मोटरसाईकल भाडा समावेश गरी हालसम्म रु.१२,५०,०००।- भूक्तानी गरेको छ । बिल अफ क्वान्टिटिजमा गाडी भाडा समावेश गरी निर्माण व्यावसायीलाई भुक्तानी गरेको खर्च नियमसंगत देखिएन ।

८. **बढी भुक्तानी :** सार्वजनिक खरिद निमावली, २०६४ को नियम ११८ उपनियम (१) मा खरिद सम्झौता बमोजिम कार्य थप्न वा सट्टा गर्न आवश्यक देखिएमा तोकिएको अधिकारीले त्यस्ता घटवढ तथा नयाँ आइटम थपको भेरिएशन जारी गर्न सक्ने व्यवस्था छ । योजना कार्यालयले भेरिएशन जारी नै नगरी

तीन वटा व्यवसायीलाई रनिङ्ग बिल भुक्तानीमा सो व्यवस्थाको पालना नगरी रु. १४,९६,४७४।- भुक्तानी गरेको देखिन्छ ।

९. **कर बीजक :** मूल्य अभिवृद्धि नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्तिमा रित पूर्वकको कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । योजना कार्यालयले कैफियत देखिएका ३ वटा कर बिजकबाट मूल्य अभिवृद्धि कर भुक्तानी दिएको पाईएकोले उक्त मुल्य अभिवृद्धि कर भुक्तानी रकम रु.६,४६,५४३।- सम्बन्धमा मू.अ.कर समायोजन गरेको विवरण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१०. **माइलस्टोन हर्जाना :** खरिद सम्झौताको एस.सी.सी सेक्सन र जि.सी.सी १.१ (यू) मा १५ महिना ठेक्का अवधि भएको एक निर्माण व्यावसायी सँग मिति २०७२।११।०५ गते सम्पन्न वाटो निर्माण सुधार सम्वन्धि ठेक्का व्यवस्थापन गर्दा माइलस्टोन १ मा रोड्वे एक्स्काभेसन २ महिना भित्र १०००० क्यू.मि. सम्पन्न गर्ने अन्यथा ०.००७५ प्रतिशत प्रतिदिन जरिवाना लाग्ने व्यवस्था सहित दुवै पक्षवाट हस्ताक्षर भएको छ । योजना कार्यालयले लेखापरीक्षण अवधि २०७३।१०।२५ सम्म गरी असुल नगरेको माइलस्टोन हर्जना रकम रु.८१,९१०।- असुल गर्नुपर्दछ ।

११. **स्थलगत अवलोकन :** यस योजना अन्तर्गत सञ्चालित देहायबमोजिमको निर्माण कार्यहरुको मिति २०७३।१०।२५ गतेका दिन अवलोकन गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् :

११.१ लास्कुगाड खोलामा प्रिस्ट्रेस पक्की मोटरेवल पुल निर्माणका लागि रु.३,८६,०२,०८४।- (मूल्य अभिवृद्धि कर र पिएस बाहेकको) लागत अनुमान भएको ठेक्कामा जे.भी.सँग २०७२।१२।१५ मा १५ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी रु.३,५९,०१,४६३।- को सम्झौता गरी २०७२।१२।१५ मा रु.३५,४५,०००।- मोबिलाईजेशन पेश्की दिएकोमा हालसम्म पनि पुल निर्माण कार्य प्रारम्भ नभएको देखियो । ठेक्का सम्झौता गरी मोबिलाईजेशन पेश्की लिएर कार्य नगर्ने प्रवृत्तिलाई हटाउनतर्फ योजना कार्यालय सक्रिय रहनुपर्दछ ।

११.२ निजाङ्गाढ खोलामा आरसिसिटी बीम सहितको पक्की मोटरेवल पुल निर्माण गर्न रु. ३,७४,६३,२४२।- लागत अनुमान भएको ठेक्का जे.भी.संग मिति २०७२।११।५ मा १५ महिनाभित्र सम्पन्न गर्ने गरी रु.२,१८,७४,६११।- को सम्झौता भएकोमा मिति २०७२।११।१२ मा रु.२१,५०,०००।- लिई हालसम्म पनि पूल निर्माण कार्य सुरु भएको देखिएन । ठेक्का सम्झौता गरी मोबिलाईजेशन पेश्की लिएर कार्य नगर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ ।

११.३ दार्चुला-टिङ्कर सडक खण्डको चेनेज नं. ०००२ देखि ३८+५०० सम्म मोड तथा ग्रेड सुधार, नाला बनाउने, ग्याबियन वाल लगाउने आदि कार्यका लागि रु.६,३७,८८,१८१।- को लागत अनुमान भएको ठेक्कामा एक निर्माण सेवा व्यावसायीसँग मिति २०७२।११।५ मा रु.२,९३,९८,२०१।- को १५ महिनाभित्र सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । सम्झौता अनुसार निर्माण सेवाले २०७२।११।१२ र ३।२४ मा रु.५०,३५,०००।- मोबिलाईजेशन पेश्की लिएकोमा कार्यसम्पन्न हुन नसकी सम्झौता बमोजिम पहिलो माइलस्टोन हर्जाना असूल गर्नुपर्ने व्यहोरा प्रस्तुत गरिएको छ ।

१२. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) वमोजिम सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी कामकाजको लागि लिएको पेश्की सोही नियमावलीमा तोकिएबमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यस बर्षको मोबिलाईजेशन पेश्की रकममध्ये अन्तिम लेखापरीक्षणको अवधिसम्म ३ निर्माण व्यावसायीको नाममा पेश्की रु.१,०७,३०,०००।- बाँकी देखिएकोले उक्त पेश्की रकम नियमानुसार असूल फछ्र्यौट गर्नुपर्दछ ।

# महाकाली नदी नियन्त्रण आयोजना

१. **गुरु योजनाको कार्यान्वयन** : सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ४ मा वहुवर्षीय आयोजना वा वार्षिक १० करोडभन्दा वढी रकमको खरिद गुरु योजना तयार गर्नु पर्ने, गुरुयोजनामा खरिदको प्रकार, परिणाम र अनुमानित मूल्य, खरिद विधि प्रत्येक आर्थिक वर्षमा अद्यावधिक हुनुपर्दछ । कुल रु.३०,५५७ लाखको लागत अनुमान भएको मास्टर प्लान स्वीकृत भई सोही आधारमा आयोजना कार्यान्वयनमा रहेको छ । उपरोक्त आधारमा स्वीकृत मास्टर प्लानका आधारमा हाल सम्म ३ फेजका १३ प्याकेजमा रु.१४,५६१ लाखको ठेक्का स्वीकृत भई कार्यान्वयन तथा स्वीकृतिको चरणमा रहेको छ ।

मास्टर प्लान बमोजिम कोर एरिया अर्न्तगत वाढी प्रभावित नमस्कार मन्दिरदेखी नेपाल भारत पुल हुदै बांगावगरसम्म निरन्तर रुपमा काउन्टर फोर्ट वाल, टो प्रोटेक्सन, रोडवे  लगायतबाट रोकथामका कार्य गराउँदै जानु पर्नेमा प्रत्येक फेजमा खण्ड खण्ड छुट्टाएर उल्लेखित क्षेत्रमा नै ठेक्का व्यवस्थापन गर्ने गरेको पाइयो । यसरी र्‍याण्डम रुपमा तटवन्ध निर्माणले नेपाल भारत वारपार गर्ने पुलको आसपास कुनै प्रकारको तटवन्ध निर्माणको कार्य योजना नहुँदा सो क्षेत्र महाकाली वाढीको उच्च जोखिममा रहेको अवस्था छ । अतः अगामी दिनमा मास्टर प्लान वमोजिम ठेक्का व्यवस्थापन गर्दा जोखिमलाई न्यूनीकरण हुने गरी तटवन्ध निर्माण तथा नदी नियन्त्रणको कार्य गर्नुपदर्छ ।

२. **चौमासिक खर्च** : वार्षिक कार्यक्रम अनुसार विभिन्न बजेट शीर्षकमा प्रथम, दोश्रो र तेश्रो तीनवटै चौमासिकमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम तय गर्नुपर्नेमा आयोजनाको कुल खर्च रु.४१,८६,९२,६५२।- मध्ये तेश्रो चौमासिकमा रु.२५,८५,८१,०५५।- र असार महिनामा रु.१२,५२,७९,०९७- अर्थात कूल खर्चको ६१.८ प्रतिशत तेस्रो चौमासिकमा र २९.९ प्रतिशत आषाढ महिनामा खर्च गरेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठूलो रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

३. **कार्यक्रम तथा प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा आयोजनाको वित्तीय तथा भौतिक प्रगतिको समीक्षा गरी सुधारका कार्यविधि अवलम्बन गर्नु पर्नेमा नदी नियन्त्रण लगायत कार्य गर्ने गरी कार्यक्रम तय भएकोमा इन्जिनियरीङ्ग सामान, उपकरण, सर्भिस रोड निर्माण, नदी नियन्त्रण सम्बन्धी अध्ययन लगायत कार्यमा लक्ष्य अनुसारको प्रगति हासिल भएको छैन ।

४. **नापी किताव तथा निर्माण सम्वन्धी अभिलेख** : सार्वजानिक खरिद् ऐन,२०६३ को दफा ७२ अनुसार खरिद एबं निर्माण सम्बन्धि अभिलेख नापी किताव समेत विभिन्न म.ले.प.फारामहरु तयार गरी राख्नु पर्ने व्यवस्था गरेको छ । आयोजनाले नापी कितावको सट्टामा इन्टीग्रेटेड मेजरमेन्ट बूकको रुपमा कम्प्यूटरकृत इन्टरीम पेमेन्ट सर्टिफिकेट रनिङ्ग विल वाइज तयार गर्ने गरेको छ । नापी किताव नियन्त्रणखाता म.ले.प.फा.न.१९२ अनुसार आइ.पि.सि.लाई नियन्त्रण र व्यवस्थापन गर्ने गरेको छ । कम्प्यूटर डाटाको सुरक्षण सहित आयोजनाले तोकिएको म.ले.प.फारामहरु तयार गर्नु पर्दछ ।

५. **संयुक्त उपकम सम्वन्धमा** : मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १०(ख) मा निर्माण व्यवसायीले संयुक्त उपक्रमको रुपमा ठेक्का सम्झौता गर्दा दर्ता हुनुपर्ने र यस्ता संयुक्त उपक्रम खडा गर्दा गरेको सम्झौंतामा लेखिएको अवधि समाप्त भएपछि दर्ता खारेज गर्नुपर्ने व्यवस्था छ । आयोजना अन्तर्गत कार्यान्वयनमा रहेका विभिन्न प्याकेजका लागि सम्झौता भएका निर्माण व्यवसायी मध्ये देहायका निर्माण व्यवसायीले संयुक्त  रुपमा ठेक्का सम्झौता गरेको छ ।

एक उद्देश्यका लागि संयुक्त उपक्रम सम्झौता गरी मू.अ. करमा दर्ता गर्ने अन्य उद्देश्यमा स्थायी प्रकृतिको फर्मका रुपमा कार्य गर्ने गर्दा फर्मको योग्यता मूल्यांकनमा प्रभाव पार्ने, राज्यलाई वुझाउनु पर्ने दायित्व समयमै फरफारक नहुने अवस्था सिर्जना हुने देखिन्छ । अतः पुरानो दायित्व रु. ९७,४१,४५५।- को फरफारक गराई निर्माण कार्यमा संलग्न गराउनु पर्ने देखिन्छ ।

६. **बायो इन्जिनियरीङ्ग** : महाकालीको भीषण वाढी पश्चात पक्की तटवन्ध तथा आवश्यक ग्यावियन जाली रिटेनिङ्ग कार्य यस आयोजना वाट सञ्चालग भै रहेको छ । महाकाली नदीको कटानको जोखिममा रहेको यस आयोजनाको कार्यक्षेत्रमा तटवन्धको निर्माण पश्चात खुल्ला रहने भागमा बायो इन्जिनियरीङ्ग कार्यको प्रारम्भ नभएकोले पहिरो गई थप कटान हुन सक्ने देखिएकोले समयमा नै उचित तवरले बायो इन्जिनियरिङ्ग गराउनु पर्ने देखियो ।

७. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो वर्ष त्यस आयोजनाले विभाग पठाएको रु.२८ लाख रु.९२ लाख ७९ हजार (२.३ प्रतिशत) कन्टिन्जेन्सी खर्च लेखेको छ। नियमावलीको अनुसूची १ मा वर्कचार्ज खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ज स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरीने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

८. **गाडी भाडा भुक्तानी** : सार्वजनिक लेखा समितिको मिति २०६९।१०।०५ गतेको निर्णय अनुसार बिल अफ क्वान्टिटिजमा समावेश गरी मेशिनरी उपकरण, गाडी खरिद गर्ने वा भाडामा लिने व्यवस्था सहित सम्झौता गर्न नपाइने व्यवस्था गरेको छ । आयोजना कार्यालयले प्याकेजमा बिल अफ क्वान्टिटिजमा गाडी र मोटरसाईकल भाडा समावेश गरी यो वर्ष रु.४३,३६,५००।- सहित हालसम्म रु.७७,७५,६२५।- भुक्तानी गरेको छ । बिल अफ क्वान्टिटिजमा गाडी भाडा समावेश गरी निर्माण व्यावसायीलाई भुक्तानी गरेको खर्च नियमसंगत देखिएन ।

९. **प्रतिस्पर्धा वेगर खरिद** : सार्वजनिक खरिद् ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ। आयोजना कार्यालयले यस वर्ष खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधि वाट नगरी सोझै खरिद प्रकृयावाट रु.१६,१२,४१७।- को खरिद गरेको छ। प्रतिस्पर्धात्मक खरिद विधिको अवलम्बनमा सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।

१०. **बढी भुक्तानी** : सार्वजनिक खरिद निमावली, २०६४ को नियम ११८ उपनियम (१) मा खरिद सम्झौता बमोजिम कार्य थप्न वा सट्टा गर्न आवश्यक देखिएमा तोकिएको अधिकारीले त्यस्ता घटवढ तथा नयाँ आइटम थपको भेरिएशन जारी गर्न सक्ने व्यवस्था छ। आयोजनाले भेरिएशन जारी नै नगरी ६ वटा प्याकेजको रनिङ्ग बिल भुक्तानीमा सो व्यवस्थाको पालना नगरी रु.१,१०,३९,१५०।- भुक्तानी गरेको रकम नियमित देखिएन ।

११. **कर बिजक** : मूल्य अभिवृद्धि नियमावली, २०५२ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्तिमा रीत पूर्बकको कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ। आयोजनाले कैफियत देखिएका कर बिजकबाट मूल्य अभिवृद्धि कर भुक्तानी

दिएको पाईएकोले उक्त मू.अ.कर भुक्तानी रकम रु.२,१९,१८,५०१।- सम्बन्धमा मूल्य अभिवृद्धि कर समायोजन गरेको विवरण पेश गर्ने अन्यथा रु.१,२१,७६,९६२।- असुल गर्नुपर्ने देखिन्छ ।

१२. **परामर्श सेवा :** महाकाली नदी नियन्त्रण आयोजना अन्तर्गत सञ्चालन गर्ने निमार्ण कार्यको परामर्श सेवाको लागि लागत अनुमान रु.२,४४,५३,४७५।- राखी १० मे २०१४ मा सूचना प्रकाशन गरेकोमा प्राविधिक तथा आर्थिक प्रस्तावमा सबैभन्दा बढी ९३.०४ अंक प्राप्त गर्ने एक प्रा.लि. काठमाण्डौको कवोल अंक रु.१,९६,००,०००।- मा सम्झौता मितिले ३७ महिनामा कार्य सम्पन्न गर्नेगरी २०७१।०९।९ मा सम्झौता भएको छ । आयोजना निर्माणमा रा.प.द्वितीयको आयोजना प्रमुख, २ सिनियर डिभिजनल ईन्जिनियर र ६ ईन्जिनियर र तह अनुरुप नै सहायक स्तरका प्राविधिक कर्मचारी कार्यरत रहेको देखियो । आयोजनाको सुपरभिजनमा आयोजना मातहतका पदाधिकारीहरु परिचालन गरेर कर्मचारीको क्षमता विकास लगायतमा ध्यान दिनुपर्नेमा नियमित प्रकृतिको काममा समेत परामर्शदातामाथि निर्भरता रहनाले आयोजनाको लागत बढ्न गएको छ । आयोजना लागतमा मितव्ययिता ल्याउन आन्तरिक जनशक्तिको क्षमताको अधिकतम परिचालन गर्नुपर्दछ । परामर्श सेवा सम्बन्धी कार्यको लागि स्वीकृत एक प्रा.लि र परियोजना कार्यालयका बीचमा भएको सम्झौताका शर्तमा विभिन्न स्तरका परामर्श दाताहरुलाई एकतर्फी हवाई भाडा धनगढी-काठमाण्डौ र काठमाण्डौ-धनगढी रु.१०,०००।- दिने व्यवस्था रहेकोमा रनिङ्ग बिल भुक्तानी गर्दा बढी भुक्तानी रु.४०,०००।- भएको सम्बन्धमा आयोजना कार्यालयले एकतर्फी हवाई भाडा कूलभन्दा बढी नहुने जनाएको छ । अतः यस प्रकार हवाई भाडाको भुक्तानीको अभिलेख राखी बढी भुक्तानी नहुने व्यवस्था गर्नुपर्दछ ।

१३. **रनिङ्ग बिल भुक्तानी** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिलको वा अन्य कुनै बिलको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्ने व्यवस्था भएपनि ४ वटा प्याकेजको रु.४,५५,१७,७२८।- को विजक प्राप्त गरी सो मा उल्लेख गरे भन्दा घटी अंक भुक्तानी गर्ने र बाँकी अङ्क रु.१,१७,८९,७२८।- अन्य पछिको गो.भौ.नं. बाट भुक्तानी गर्ने गरेको पाइयो । यस्तो रनिङ्ग विलको रकम टुक्राई भुक्तानी गर्ने परिपाटीलाई निरुत्साहित गर्नुपर्दछ ।

१४. **बीमा** : सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख भन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएको कुराको बीमा गराउनुपर्ने व्यवस्था छ । आयोजना अन्तर्गत सञ्चालित प्याकेज न.३ को एक निर्माण व्यवसायीसंग भएको रु.८,७०,१२,६३२।- सम्झौताको बिल अफ क्वान्टिजिजमा जनरल आइटममा रु.१०,००,०००।- बराबर तेस्रो पक्ष समेतको वीमा प्रिमियमको व्यवस्था भएकोमा आ.व. २०७२।०७३ को इन्टरीम पेमेन्ट सर्टिफिकेटबाट उक्त वीमा रकम प्रिमियमको भुक्तानी भएको देखिएन । यस सम्बन्धमा आयोजना कार्यालयमा छलफल गर्दा बीमा गराईसकेको तर तेस्रो रनिङ्ग बिलको भुक्तानीमा आई.पि.सि ३ देखिने उक्त रकम सातौ रनिङ्ग बिलको भुक्तानी आई.पि.सि ७ सम्म छुट भएकोले यस्तो देखिएको र हाल आठौ रनिङ्ग बील आई.पि.सि ८ को भुक्तानीबाट उक्त विमा प्रिमियम अद्यावधिक गरेको प्रमाण पेश भै आएको छ । नापी किताबमा रनिङ्ग बिलमा भएका सम्पूर्ण क्रियाकलापको भुक्तानीको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

१५. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) वमोजिम सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी कामकाजको लागि लिएको पेश्की सोही नियमावलीमा तोकिएबमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यस बर्षको मोबिलाईजेशन पेश्की रकम रु.६,२८,७०,०००।- मध्ये अन्तिम

लेखापरीक्षणको अवधिसम्म रु.७४,३३,०००।- फछ्र्यौट भई बाँकी देखिएको ३ प्याकेजको पेश्की रकम रु.५,५४,३७,०००।- नियमानुसार असूल फछ्र्यौट गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३७ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २४ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ३२ मध्ये निम्न ७ कार्यालयको रु ९६९९५३९।- बेरुजू बाकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछयौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि.नं. | कार्यालय | शीर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | सरकारी वकिल कार्यालय | विभिन्न | एक जे.भी.लाई दिइएको पेश्की फछ्र्यौट नभएको | २६,००,०००/- |
| २ | अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय | विभिन्न | ४ वटा फर्म तथा संस्थाहरुलाई दिइएको पेश्की फछ्र्यौट नभएको | ५,६५,७१६/- |
| ३ | गोकुलेश्वर अस्पताल | विभिन्न | धरौटी कट्टी नगरेको | ४,०५,९२३/- |
| ४ | दुर्गम क्षेत्र विकास समिति | विभिन्न | ४ वटा फर्म तथा संस्थालाई दिइएको पेश्की फछ्र्यौट नभएको | १०,८७,०००/- |
| ५ | मालपोत कार्यालय | विभिन्न | ५ मुक्त हलियाहरुको घर निर्माण र मर्मतका लागि दिइएको पेश्की फछ्र्यौट नभएको | ५,७७,५००/- |
| ६ | सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | विभिन्न | एक जे.भी.लाई भवन निर्माण वापत दिइएको पेश्की फछ्र्यौट नभएको | २५,५२,९००/- |
| ७ | सिंचाई विकास सव डिभिजन | विभिन्न | ४ वटा फर्मलाई दिइएको पेश्की फछ्र्यौट नभएको | १९,१०,५००/- |
| | | | **जम्मा** | **९६९९५३९/-** |

**(विश्वनाथ रेग्मी)**
**नायव-महालेखापरीक्षक**

# लेखापरीक्षण गरीएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क.स | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र | १००.०६ | ०.०० | ०.१९ | ०.०० | १००.२४ |
| २ | महाकाली नदी नियन्त्रण आयोजना | ४२७७.९० | १.८० | १७९.१७ | ०.०० | ४४५८.८७ |
| ३ | जिल्ला कृषि विकास कार्यालय | ४८३.७३ | १.५२ | ५.२८ | १.९४ | ४९२.४६ |
| ४ | जिल्ला स्वास्थ्य कार्यालय | १५९३.३९ | १.१३ | ८.६१ | ०.०० | १६०३.१४ |
| ५ | जिल्ला शिक्षा कार्यालय | ७४८३.८२ | ४३.८८ | ६.४१ | १०.४१ | ७५४४.५१ |
| ६ | दार्चुला टिङ्कर सडक आयोजना | ३४८.८३ | ५९.८७ | १५५.८७ | ०.०० | ५६४.५७ |
| ७ | स्थानीय विकास कोषको सचिवालय | ०.०० | ०.०० | ०.०० | २४.३६ | २४.३६ |
| ८ | जिल्ला विकास समितिको कार्यालय | ०-०० | ००.०० | ०.०० | ८५९२ | ८५९२ |
| | जम्मा | १४२८७.७३ | १०८.२० | ३५५.५३ | ८६२८.७१ | २३३८०.१५ |

**लेखापरीक्षण विधिः आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क.स | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | दार्चुला जिल्ला अदालत | १११.७२ | ७.४० | ५०.१८ | ०.०० | १६९.३० |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ५८.५८ | ०.२७ | ०.०० | ०.०० | ५८.८४ |
| ३. | निर्वाचन अधिकृतको कार्यालय | ३.८७ | ०.०० | ०.०० | ०.०० | ३.८७ |
| ४. | जिल्ला निर्वाचन कार्यालय | ३९.८३ | ०.०५ | ०.०० | ०.०० | ३९.८८ |
| ५. | जिल्ला पशु सेवा कार्यालय | १९६.३२ | ०.७५ | ३.२३ | ९.३७ | २०९.६८ |
| ६. | जिल्ला प्रशासन कार्यालय | ९८.१२ | १९.२७ | २.७३ | ४२.३२ | १६२.४५ |
| ७. | सीमा प्रशासन कार्यालय | १४.०७ | ०.०० | ०.०० | ०.०० | १४.०७ |
| ८. | जिल्ला कारागार कार्यालय | ५२.८६ | ०.०० | ०.०० | ०.०० | ५२.८६ |
| ९. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५८.३५ | ०.०० | ०.०० | ०.०० | ५८.३५ |
| १०. | जिल्ला प्रहरी कार्यालय | १११२.१६ | ०.८८ | ६.६६ | ०.०० | १११९.७० |
| ११. | ईलाका प्रहरी कार्यालय, हुती | १३२.३१ | ०.०० | ०.०० | ०.०० | १३२.३१ |
| १२. | ईलाका प्रहरी कार्यालय, लाटीनाथ | १५२.७७ | ०.०० | ०.०० | ०.०० | १५२.७७ |
| १३. | ईलाका प्रहरी कार्यालय, गोकुलेश्वर | २१३.४५ | ०.०० | ०.०० | ०.०० | २१३.४५ |
| १४. | सीमा प्रहरी चौकी लाली | ११०.६७ | ०.०० | ०.०० | ०.०० | ११०.६७ |
| १५. | सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ६७१.८३ | ०.२४ | ३.३१ | ०.०० | ६७५.३८ |
| १६. | शत्रु भन्जन गुल्म | ७६९.१३ | १.३१ | ९.४४ | ०.०० | ७७९.८९ |
| १७. | दुर्गा बल गुल्म | ०.५० | ०.०० | ०.०० | ०.०० | ०.५० |
| १८. | नापी कार्यालय | ४७.८२ | २.५२ | ०.०० | १.२२ | ५१.५५ |
| १९. | मालपोत कार्यालय | १७०.७० | १७.०९ | ०.०९ | ६१.७८ | २४९.६५ |
| २०. | महिला तथा बालबालिका कार्यालय | १६७.९७ | ०.०३ | ०.०० | १५.६२ | १८३.६१ |
| २१. | जिल्ला हुलाक कार्यालय | ५१.२८ | ७.४० | ०.२१ | २२३३.९६ | २२९२.८५ |
| २२. | तथ्याङ्क कार्यालय | ४२.५७ | ०.०० | ०.०० | ०.०० | ४२.५७ |
| २३. | भू -संरक्षण कार्यालय | १६०.४४ | ०.०५ | ०.०० | ०.०० | १६०.४९ |
| २४. | जिल्ला वन कार्यालय | २८१.८९ | ११.६८ | २.६४ | ०.०० | २९६.२० |
| २५. | अपि नाम्पा संरक्षण क्षेत्र कार्यालय | २५४.४७ | १७३.४५ | ५७.८८ | १२७.८६ | ६१३.६७ |
| २६. | गोकुलेश्वर अस्पताल | १५४.१२ | ०.०३ | ०.४६ | ०.०० | १५४.६१ |
| २७. | अस्पताल विकास समिति | ०.०० | ०.०० | ०.०० | १६९.९५ | १६९.९५ |
| २८. | घरेलु तथा साना उद्योग विकास | ५१.०० | १०.७० | ८.०७ | ०.०० | ६९.७८ |
| २९. | कोष तथा लेखा नियन्त्रक कार्यालय | १०४.७३ | ०.०३ | ६.५० | १०.६० | १२१.८६ |
| ३०. | जिल्ला प्राविधिक कार्यालय | २६१.५० | ०.०४ | २५.३३ | ०.०० | २८६.८८ |
| ३१. | दुर्गम जिल्ला विकास समिति | ६३.५६ | ०.०० | ०.५० | ०.०० | ६४.०५ |
| ३२. | सिंचाई विकास सब डिभिजन | ३९६.८३ | २.८६ | ५०.९४ | ५.१५ | ४५५.७८ |
| | जम्मा | ६००५.४२ | २५६.०५ | २२८.१७ | २६७७.८३ | ९१६७.४७ |
| | कूल जम्मा | २०२९३.१५. | ३६४.२३ | ५८३.७० | ११३०६.५४ | ३२५४७.६२ |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला विकास समिति | ५८ | ५६४३८ | ० | - | ५८ | ८४२२ | ४८०१६ | २०९४५ | ५६४३८ | ३७३ | | ३७३ |
| २ | जिल्ला शिक्षा कार्यालय | २१ | ६२८८१ | ७ | - | १४ | २६ | ६२८५८ | २३ | ६२८८१ | ५५ | | ५५ |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय | २७ | ८८९६ | ८ | २०३ | १९ | ७२ | ८६२१ | - | ८६९३ | २ | २६ | २८ |
| ४ | जिल्ला कृषिविकास कार्यालय | १५ | २९६२ | ४ | - | ११ | ६ | २९५६ | - | २९६२ | - | - | - |
| ५ | महाकाली नदि नियन्त्रण आयोजना | १७ | १०२०११ | २ | - | १५ | - | ४६५७४ | ५५४३७ | १०२०११ | - | - | - |
| ६ | दार्चुला-टिङ्कर सडक आयोजना | १६ | १७१०० | ४ | - | १२ | ८२ | ६२८८ | १०७३० | १७१०० | - | - | - |
| ७ | जिल्ला आयुर्वेद कार्यालय | ५ | सै. | १ | - | ४ | - | - | - | | - | - | - |
| ८ | सशस्त्र प्रहरी वल सिमा सुरक्षा | १ | २५५३ | ० | - | १ | - | - | २५५३ | २५५३ | - | - | - |
| ९ | सरकारी वकिल कार्यालय | १ | - | ० | - | १ | - | - | - | - | - | - | - |
| १० | मालपोत कार्यालय | १ | ५७७ | ० | - | १ | - | - | ५७७ | ५७७ | - | - | - |
| ११ | सिँचाइ विकास सवडिभिजन कार्यालय | १ | १९११ | ० | - | १ | - | - | १९११ | १९११ | - | - | - |
| १२ | अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय | १ | ५६६ | ० | - | १ | - | - | ५६६ | ५६६ | - | - | - |
| १३ | गोकुलेश्वर अस्पताल | १ | सै. | ० | - | १ | - | - | - | - | - | - | - |
| १४ | दुर्गम क्षेत्र विकास समिति | १ | १०८७ | ० | - | १ | - | - | १०८७ | १०८७ | - | - | - |
| १५ | अस्पताल विकास समिति | ० | - | ० | - | ० | - | - | - | - | ५० | | ५० |
| | **जम्मा** | **१६६** | **२५६९८२** | **२६** | **२०३** | **१४०** | **८६०८** | **१७५३१३** | **९३८२९** | **२५६७७९** | **४८०** | **२६** | **५०६** |

द्रष्टव्य :
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

# जिल्ला विकास समितिको एकिकृत आय-व्यय विवरण

अनुसुचि -३

| आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|
| गत वर्षको मौज्दात | | | रकम | व्यय शीर्षक | | रकम |
| **बैंक मौज्दात रू** | | | १३६,७३,३२१/३८ | खुद खर्च | | |
| क) विभिन्न कोषहरु | | २३८५५२०.४६ | | **चालु खर्च** | | २११८२२१४८.११ |
| ख) धरौटी | | ७६४२६३९.७० | | केन्दीय वजेट अर्न्तगत कार्यक्रममा निकासा चालु | ६६७३७६०४.८६ | |
| ग) केन्द्रीय वजेट ग्रामिण जलश्रोत | | ३६४५१६१.२२ | | अन्य केन्दीय शीर्षक अर्न्तगतका कार्यक्रमहरु | ७०९७८९९.०० | |
| **यस वर्षको आय** | | | | विभिन्न कोषहरु | ८२२२०५९.९१ | |
| क) विभिन्न कोषहरु | | ३९६४२३४.४१ | ३१३८९४३२५/१९ | नेपाल सरकार अनुदान | १२९७६४५८४.३४ | |
| मर्मत सम्भार कोष | ११,००,०००/- | | | पूँजीगत खर्च | ६०५८७४०४.५० | ६०५८७४०४.५० |
| कर्मचारी कल्याण कोष | ३९६९९२/- | | | | | |
| लघु उद्यम विकास कोष | ५८५८२५.०० | | | **पेश्की** | | ४१८४१४५७.०० |
| मानव संसाधन विकास कोष | ४५००००.०० | | | चालु खर्च | ३६८६२४५७.०० | |
| कन्टेजेन्सी खर्च (गा.वि.स.) | ५३१२३०.०० | | | पूँजीगत खर्च | ४९७९०००.०० | |
| गरिबी निवारण कोष | १८७.४१ | | | | | |
| सडक बोर्ड | ९०००००.०० | | | धरौटी फिर्ता | ७३०६८३.२७ | ७३०६८३.२७ |
| ख) जिविस अनुदान | ४३७९१६८०.३४ | ११३१८५६८०.३४ | | | | |
| ग) गाविस अनुदान | ६९३९४०००.०० | | | बैंक मौज्दात | १२५८५९५३.६९ | १२५८५९५३.६९ |
| घ) केन्द्रीय चालु खर्च निकासा | १२४३२७०२८.८६ | १८७०८७२४३.३६ | | – | - | - |
| ङ) केन्द्रीय पूँजीगत खर्च निकासा | ६२७६०२१४.५० | | | – | - | - |
| च) आन्तरिक आय | १०१९२७७.३३ | ४५३३६३७.०८ | | – | - | - |
| छ) राजस्व बाडफाड | ३५१४३५९.७५ | | | – | - | - |
| ज) धरौटी | २१२०९४३.०० | २१२०९४३.०० | | – | - | - |
| झ)दातृ निकाय सोझै निकासा | ३००२५८७.०० | ३००२५८७.०० | | – | - | - |
| **जम्मा** | | ३२,७५,६७,६४६/५७ | ३२,७५,६७,६४६/५७ | **जम्मा** | ३२,७५,६७,६४६/५७ | ३२,७५,६७,६४६/५७ |

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला विकास समिति | श्री सहदेव रायमाझी | श्री टिकेन्द्र जोशी |
| २ | जिल्ला शिक्षा कार्यालय | श्री वावुराम ढुङ्गाना | श्री धनजित वोहोरा |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय | डा. अमित रोनियार | श्री सुरेन्द्रराज पन्त |
| ४ | जिल्ला कृषिविकास कार्यालय | श्री खगेन्द्रप्रसाद शर्मा | श्री धर्मराज भट्ट |
| ५ | महाकाली नदि नियन्त्रण आयोजना | श्री महेन्द्रप्रसाद वडु | श्री विरेन्द्रवहादुर बम |
| ६ | दार्चुला- टिङ्कर सडक आयोजना | श्री मनिश कुमार शाह | श्री जनक कुमार चौधरी |
| ७ | जिल्ला आयुर्वेद कार्यालय | श्री रीना पाल | श्री मुकेश मिश्र |
| ८ | सशस्त्र प्रहरी वल सिमा सुरक्षा | श्री दिपेन्द्र कुँवर | श्री विरेन्द्र तेला |
| ९ | सरकारी वकिल कार्यालय | श्री मोहन भट्ट | श्री भुपेन्द्र अवस्थी |
| १० | मालपोत कार्यालय | श्री प्रदिपसिंह धामी | श्री धर्मराज भट्ट |
| ११ | सिँचाइ विकास सव-डिभिजन कार्यालय | श्री दिनेश आचार्य | श्री बाशुदेव जोशी |
| १२ | अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय | श्री भुमिराज आचार्य | श्री गणेशवहादुर ठगुन्ना |
| १३ | गोकुलेश्वर अस्पताल | डा.चेतराज भट्ट | श्री कर्णवहादुर महत |
| १४ | दुर्गम क्षेत्र विकास समिति | श्री सहदेव रायमाझी | श्री तेजप्रसाद ढकाल |
| १५ | अस्पताल विकास समिति | डा. अमित रौनियार | श्री सुरेन्द्रराज पन्त |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np